# बहुविवाहसम्बन्धी कानून कार्यान्वयनको अवस्था

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

# बहुविवाहसम्बन्धी कानून कार्यान्वयनको अवस्था

**अध्ययन समूहः**

**श्री रमादेवी पराजुली,** रा.न्या.प्र फ्याकल्टी, उपन्यायाधिवक्ता

**श्री पोषराज खनाल,** उपन्यायाधिवक्ता, महान्यायाधिवक्ता

**श्री करूणा थपलिया,** अनुसन्धान अधिकृत, अनुसन्धान तथा विकास महाशाखा

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

**प्रकाशन** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं
फोन नं.: ९७७-१-४०२७४४९/४०२७४५१
इमेलः info@njanepal.org.np
वेभसाइटः www.njanepal.org.np

**सर्वाधिकार** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
**प्रकाशन मिति** : २०८०
**प्रकाशित प्रति** : ५०० प्रति
**लेआउट** : सुसन महर्जन
**मुद्रक** : एन.आर.एस. प्रिन्ट सर्भिस

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"...Center of Excellence for Judicial Education."


## मन्तव्य

न्यायाधीश, न्याय सेवाको अधिकृत, सरकारी वकिल, कानून व्यवसायी एवम् न्याय प्रशासनमा संलग्न जनशक्तिको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने कार्यले निरन्तरता पाउनु आजको बदलिँदो समाजमा आवश्यक रहेको छ । तसर्थ यस प्रतिष्ठानले निरन्तर रुपमा विभिन्न प्रशिक्षण, कार्यशाला, गोष्ठी, सम्मेलन आदि कार्यक्रमहरु सञ्चालन गर्नुको अतिरिक्त अनुसन्धान, प्रकाशन र सोको जानकारी न्यायिक क्षेत्रका जनशक्तिलाई उपलब्ध गराउँदै आएको छ। यसै क्रममा यो **"वहुविवाहसम्बन्धी कानून कार्यान्वयनको अवस्था"** विषयक अध्ययन प्रतिवेदन, २०७९ तयार गरी न्यायिक जनशक्ति समक्ष प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ।

बहुविवाहसम्बन्धी कसुरको सन्दर्भमा हाम्रो परिवर्तित कानूनी व्यवस्था र विकसित विधिशास्त्रका बारेमा अनुसन्धान, अभियोजन र न्याय निरुपणमा संलग्न हुने निकाय र सरोकारवाला निकायहरुलाई समेत अद्यावधिक हुन आवश्यक देखिन्छ। तसर्थ यस प्रतिवेदनले वहुविवाहसम्बन्धी कानूनको सैद्धान्तिक अवधारणा, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको सम्बन्धमा अधावधिक हुन न्यायाधीश, कानून व्यवसायी, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी र सरोकार राख्ने सबैलाई थप मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु।

यस प्रतिवेदनलाई प्रकाशनयोग्य बनाउनु हुने अध्ययन समूहका संयोजक, तत्कालीन प्रतिष्ठानका फ्याकल्टी तथा हाल उच्च अदालतका माननीय न्यायाधीश श्री रमादेवी पराजुली, महान्यायाधिवक्ता कार्यालयका उपन्यायाधिवक्ता श्री पोषराज खनाल र प्रतिष्ठानका तत्कालीन अनुसन्धान अधिकृत हाल उपनिर्देशक श्री करुणा थपलियालगायत सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु। अन्तमा, प्रतिष्ठान पाठकवर्गहरुबाट रचानात्मक सुझावको लागि समेत अपेक्षा गर्दछ ।

वैद्यनाथ उपाध्याय
कार्यकारी निर्देशक


मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

# विषय सूची

## परिच्छेद-एक

## परिचय


| | | |
|---|---|---|
| १.१ | अनुसन्धानको पृष्ठभूमि | १ |
| १.२ | अनुसन्धानको महत्व | २ |
| १.३ | अनुसन्धानको समस्या कथन | ३ |
| १.४ | अनुसन्धानको उद्देश्य | ३ |
| १.५ | पूर्व अध्ययनको समीक्षा | ३ |
| १.६ | अनुसन्धानको सीमा | ६ |
| १.७ | अनुसन्धानको संरचना | ७ |


## परिच्छेद-दुई

## अनुसन्धान पद्धति


| | | |
|---|---|---|
| २.१ | अनुसन्धान तथा अनुसन्धानको ढाँचा | ८ |
| २.२ | नमुनाकरण विधि | ८ |
| २.३ | तथ्याङ्कको स्रोत | ९ |
| २.४ | तथ्याङ्कको प्रशोधन, विश्लेषण र व्याख्या | ९ |
| २.५ | अध्ययनको लागि लाग्ने अनुमानित समयावधिर स्रोत | ९ |
| २.६ | अध्ययनमा प्रयोग हुने भाषा | १० |


## परिच्छेद-तीन


| | | |
|---|---|---|
| ३.१ | अवधारणात्मक पक्ष | ११ |
| ३.२ | बहविवाह | १२ |
| ३.३ | अन्तर्राष्ट्रिय कानून | १२ |
| ३.४ | निजी अन्तर्राष्ट्रिय कानून | १५ |
| ३.५ | अन्य देशको अभ्यास | १५ |


## परिच्छेद-चार

## राष्ट्रिय कानूनी व्यवस्था


| | | |
|---|---|---|
| ४.१ | राष्ट्रिय कानूनी व्यवस्था | १७ |
| ४.२ | न्यायिक दृष्टिकोण | २१ |


## परिच्छेद-पाँच

## तथ्यांक/विवरणको विश्लेषण


| | | |
|---|---|---|
| ५. | तथ्यांक/विवरणको विश्लेषण | ३१ |
| ५.२ | बहुविवाहसम्बन्धी मुद्दाको फैसलाबाट प्राप्त तथ्याङ्कको विश्लेषण र व्याख्या | ३४ |

## परिच्छेद-छ
## अध्ययनको प्राप्ति, निष्कर्ष र सुझाव


| | | |
|---|---|---|
| ६.१ | अध्ययनको प्राप्ति | ४८ |
| ६.२ | निष्कर्ष र सुझावहरु | ५२ |
| | सन्दर्भ ग्रन्थसूची | ५८ |

# परिच्छेद-एक

## १.परिचय

### १.१अनुसन्धानको पृष्ठभूमिः

विवाह पारिवारिक कानून अन्तर्गतको एउटा महत्वपूर्ण अवधारणा हो। हिन्दु विधिशास्त्रमा विवाहलाई स्पष्ट रूपमा परिभाषित नगरिए तापनि कन्यालाई निजको संरक्षकद्वारा कन्यादान दिएकोमा शास्त्रीय विधिपूर्वक वरले कन्यालाई पत्नीको रूपमा ग्रहण गर्ने क्रियालाई विवाहको रूपमा लिइने गरेको पाइन्छ।[१] पश्चिमा मुलुकहरूले विवाहलाई सम्झौताको रूपमा लिने गरेको पाइन्छ। तसर्थ विवाहको परिभाषा र बुझाइ देश र समाजपिच्छे फरक फरक रहेको पाउन सकिन्छ। सामान्यतयाः पुरूष र महिलाबिचमा यौन सम्पर्क स्थापित भई लोग्ने स्वास्नी सरह बस्नु नै नेपाल कानूनअनुसार विवाह हो।[२]

विवाह मानव जीवनको एक अभिन्न परिघटना हो। कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्य वा किसिमबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ।[३] विवाह पुरूष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हो।[४] प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुने र विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ[५] भन्ने व्यवस्था रहेको छ।

सामान्यतया एक जना पुरूषले एकभन्दा बढी श्रीमती राख्नुलाई बहुविवाह भन्ने गरेको पाइन्छ। विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को महिलासँग विवाह गरेमा बहुविवाह गरेको मानिन्छ। विश्वका अधिकांश मुलुकमा बहुविवाहलाई

---

[१] ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पारिवारिक कानून, पैरवी प्रकाशन, (२०७६), पृ.४६।

[२] प्रा. माधवप्रसाद आचार्यसमेत, फौजदारी कानूनको समीक्षात्मक विवेचना, प्रथम संस्करण, (२०६३), पृ.५८९

[३] मुलुकी देवानी संहिता, २०७४, दफा ६७।

[४] ऐ. दफा ६८।

[५] ऐ. दफा ६९।

गैरकानूनी मानिएको छ। इरान र इजिप्टको कानूनमा पहिलो श्रीमतीको सहमतिमा भएको बहुविवाहलाई गैरकानूनी विवाह मानिदैन। नेपाल कानूनले बहुविवाहलाई फौजदारी कसुर मानेको छ। कुनै पनि विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न र कुनै पुरूष विवाहित हो भन्ने जानाजानी कुनै महिलाले त्यस्तो पुरूषसँग विवाह गर्न निषेध गरिएको छ।[६] वैवाहिक सम्बन्ध अन्त्य भएको अवस्थामा भने विवाहित पुरूषले अर्को विवाह गर्न पाउँछ। मुलुकी देवानी संहिता, २०७४ को दफा ८२ ले स्वतः बदर हुने अवस्थाको विवाह, कानूनबमोजिम पतिपत्नीको सम्बन्ध विच्छेद भएको र पत्नीले सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा पति पत्नीबिच वैवाहिक सम्बन्ध समाप्त भएको मानिने व्यवस्था गरेको छ। उक्त अवस्थामा गरेको विवाह बहुविवाह नहुने उल्लेख छ। साथै कानूनबमोजिम अंशबण्डा गरी पतिपत्नी भिन्न भएको अवस्थामा र पति वा पत्नीमध्ये कसैको मृत्यु भएमा पुनःविवाह गर्न सक्ने व्यवस्था रहेको छ।

यसै सम्बन्धमा यस अध्ययनमा बहुविवाहको कसुरसम्बन्धी अवधारणागत पक्ष, अन्तर्राष्ट्रिय कानून, निजी अन्तर्राष्ट्रिय कानून, राष्ट्रिय कानून तथा बहुविवाहको नियन्त्रण गर्ने सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था बारे बिवेचना गर्ने जमर्को गरिएको छ।

## १.२ अनुसन्धानको महत्तव

साबिक कानूनको रूपमा रहेको मुलुकी ऐन, २०२० मा बहुविवाहलाई कसुर कायम गरी बहुविवाहको कसुर गर्नेलाई सजाय हुने तर सो विवाह भने बदर नहुने व्यवस्था रहेको थियो। तर मुलुकी ऐनलाई प्रतिस्थापन गरेर २०७५ भाद्र १ गतेदेखि कार्यान्वयनमा आएको मुलुकी अपराध संहिता, २०७४ ले बहुविवाह गरेमा सो विवाह स्वतः बदर हुने र कसुरदारले फौजदारी दायित्व अन्तर्गत कैद र जरिवानासमेत बहन गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी नयाँ कानूनका रूपमा रहेका संहिताले कुनै पनि व्यक्तिको एकै पटक एकभन्दा बढी पति वा पत्नी हुन नसक्ने मान्यता अंगालेको देखिन्छ। विवाह र बहुविवाहको सम्बन्धमा मुलुकी ऐन, २०२० कार्यान्वयनमा रहँदाको अवस्थामा प्रचलनमा रहेका व्यवस्थाभन्दा केही फरक र नयाँ व्यवस्थासहित मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयनमा आएका छन्। बहुविवाहलाई स्वतः बदर हुने विवाह अन्तर्गत राखी कसुर

[६] मुलुकी अपराध संहिता, २०७४, दफा १७५

गर्नेलाई कैद र जरिवानाको सजायसमेत हुने गरी गरिएको यस कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र सो को कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीमा केन्द्रित रही हालसम्म पनि अध्ययन अनुसन्धान भएको नपाइएको हुँदा यो अध्ययन आफैमा एक महत्वपूर्ण प्रयासको रूपमा रहेको छ। यसबाटै यो अनुसन्धानको आवश्यकता र महत्व पुष्टि हुन्छ। साथै, प्रस्तुत अध्ययन न्याय र कानूनको क्षेत्रमा प्रत्यक्ष रूपले संलग्न व्यक्ति बिशेष गरी न्यायाधीश, सरकारी वकिल, अनुसन्धान अधिकृत, न्यायिक जनशक्ति, कानूनका विद्यार्थीलगायत यस बिषयमा जानकारी राख्न चाहने सबैका लागि एउटा उपयोगी अध्ययन सामग्रीको रूपमा रहनेछ।

## १.३ अनुसन्धानको समस्या कथन

प्रस्तुत अध्ययन निम्न लिखित समस्यामा केन्द्रित हुनेछ।

१.३.१. बहुविवाह नियन्त्रण गर्ने सम्बन्धी कानून कार्यान्वयनको अवस्था कस्तो रहेको छ?

१.३.२. बहुविवाह मुद्दामा जिल्ला अदालतबाट भएका फैसलाहरूको आधारमा फैसलाको प्रवृत्ति (Trend) कस्तो रहेको छ ?

## १.४ अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

१.४.१ बहुविवाहसम्बन्धी अवधारणा, अन्तर्राष्ट्रिय कानून सम्बन्धमा समीक्षा गर्ने।

१.४.२ विवाह र बहुविवाहसम्बन्धी राष्ट्रिय कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको बिवेचना गर्ने।

१.४.३ बहुविवाहसम्बन्धी मुद्दामा जिल्ला अदालतबाट भएका फैसलाहरूबाट प्राप्त विवरणको विश्लेषण गर्ने।

१.४.४ बहुविवाहलाई नियन्त्रण गर्ने सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सुझाव दिने।

## १.५. पूर्व अध्ययनको समीक्षा

नेपाल कानूनलाई संहिताकरण र आधुनिकीकरण गर्ने समेतका उद्देश्यले मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४, मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यबिधि संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण)

ऐन, २०७४ समेतका कानूनहरू २०७५ साल भदौ १ गतेदेखि कार्यान्वयनमा आएका छन्। मुलुकी अपराध संहिता,२०७४ को परिच्छेद ११ मा विवाहसम्बन्धी कसुर शीर्षक अन्तर्गत दफा १७५ मा बहुविवाह गर्न नहुने भनी उल्लेख गरिएको छ। यस दफामा बहुविवाहलाई कसुर भनी स्पष्ट रूपमा उल्लेख गरी त्यस्तो बिवाह स्वतः बदर हुने व्यवस्था गरिएको छ। यस अनुसन्धानको सिलसिलामा गरिएको पूर्व अध्ययन अनुसन्धानको अध्ययनबाट उक्त कानूनी व्यवस्थाहरूको कार्यान्वयनको अवस्था बारे केन्द्रित भै अध्ययन भएको नदेखिए तापनि यस अध्ययनको क्रममा यस बिषयसँग सम्बन्धित उपलब्ध भएसम्मका राष्ट्रिय स्तरमा प्रकाशित निम्नानुसारका लेखहरूलाई पूर्व अनुसन्धान सामग्रीको रूपमा समीक्षा गरिएको छ।

**१.५.१ बालविवाह, बहुविवाह र अप्राकृतिक मैथुन**[७]: महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशन गरिएको **महिला तथा बालबालिका विरूद्ध हुने अपराध नियन्त्रण (सैद्धान्तिक अवधारणा, कानून र न्यायिक दृष्टिकोण) सम्बन्धी स्रोत सामग्री**मा **बालविवाह, बहुविवाह र अप्राकृतिक मैथुन**सम्बन्धी बिषयमा श्री ठोकप्रसाद शिवाकोटी र श्री पुष्कर सापकोटाले एउटा लेख लेख्नु भएको छ। यसमा बालविवाह, बहुविवाह र अप्राकृतिक मैथुनलाई छुट्टाछुट्टै रूपमा चर्चा गरिएको प्रस्तुत अध्ययनसँग सम्बन्धित बहुविवाहसम्बन्धी बिषयलाई मात्र यहाँ सन्दर्भ सामग्रीको रूपमा लिइएको छ। यस लेखमा बहुविवाहको सन्दर्भमा नेपाली समाजमा हिन्दु धर्मशास्त्रको प्रभाव परेको उल्लेख गरिएको छ। यस लेखमा श्रीमतीले छोरी मात्र जन्माएकाले छोरा पाउनको लागि भनेर श्रीमानले दोस्रो विवाह गर्न सक्ने, महाभारतमा कुन्तीले सूर्य र पाण्डुसँग, द्रौपतीले पाँच पाण्डवसँग विवाह गरेको कथा, कर्णालीका केही जिल्लाहरूमा बहुपति प्रथा कायमै रहेको, मुस्लिम कानूनले पुरूषले एकभन्दा बढी श्रीमती राख्न पाउने गरी छुट दिएको अवस्थालाई उल्लेख गरिएको पाइन्छ।

नेपाल कानूनले महिलाले बहुपति राख्ने परिकल्पना नगरेको तर कुनै विवाहिता महिलाले अर्को विवाह गरेमा पहिलो श्रीमान सँग स्वतः सम्बन्ध विच्छेद हुने र विवाहित पुरूषसँग जानाजानी कुनै महिलाले विवाह गरेमा सजाय हुने कानूनी व्यवस्थासमेतको बारेमा यस लेखमा चर्चा

[७] महिला तथा बालबालिका विरूद्ध हुने अपराध नियन्त्रण (सैद्धान्तिक अवधारणा, कानून र न्यायिक दृष्टिकोण) स्रोत सामग्री, (२०७१), प्रकाशकः महान्यायाधिवक्ताको कार्यालय,रामशाहपथ, काठमाडौं।

गरिएको छ। साथै संयुक्त अधिराज्य बेलायत, संयुक्त राज्य अमेरिका र भारतमा भएका बहुविवाहसम्बन्धी व्यवस्थाहरूको तुलनात्मक अध्ययन गरिएको छ। नेपालमा बहुविवाहको कसुरमा न्यून सजायको व्यवस्था रहेको र ठहर भएको सजाय भुक्तान गरेपछि सो विवाहले कानूनी मान्यता पाउने अवस्थाको विश्लेषण गरिएको छ। साथै यस लेखमा मुलुकी ऐन विवाहबारीको महलको १० नं. मा भएको बहुविवाहसम्बन्धी व्यवस्था र यस बिषयमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको बारेमा केन्द्रित रहेर छलफल गरिएको पाइन्छ।

**१.५.२ बहुविवाहसम्बन्धी अपराधको प्रवृत्ति-एक विश्लेषणात्मक अध्ययनः**[८] प्रस्तुत लेख महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशन गरिएको **आर्थिक/समाजिक अपराधको प्रवृत्तिगत अध्ययन** नामक पुस्तकमा रहेको श्री रमादेवी पराजुलीद्वारा मुलुकी संहिताहरू लागु हुनुभन्दा अगाडि नै लेखिएको लेख हो। यस लेखमा कानूनले निर्धारित गरिदिएको शर्त प्रतिकूल हुनेगरी दोस्रो विवाह गरेको अवस्थामा त्यस्तो विवाह गर्ने पुरूष र जानाजानी त्यस्तो विवाहित पुरूषसँग विवाह गर्ने महिलालाई सजाय हुने कानूनी व्यवस्थाको बारेमा चर्चा गरिएको छ। बहुविवाह गरेको ठहर भै बहुविवाह गर्ने पुरूष र महिलालाई सजाय भए पनि गरिसकेको विवाह बदर नहुने व्यवस्थाको कारण एकै व्यक्तिको एकभन्दा बढी श्रीमतीहरू रहने अवस्थासमेत सिर्जना भएको थियो। यस अवस्थाबाट परिवार र समाजमा विभिन्न समस्या सृजना भएको तथ्यसमेत यस लेखमा उजागर गरिएको छ। नेपालमा बहुविवाहमा कम सजाय हुने व्यवस्था रहे पनि बेलायत तथा भारतमा बहुविवाहको कसुर गरेको अवस्थामा ७ वर्षसम्मको कैद सजाय हुनुका साथै त्यस्तो विवाह बदर हुने व्यवस्थाको बारेमा यस अध्ययनमा चर्चा गरिएको छ। प्रस्तुत लेख तयारीको क्रममा अध्ययन गरिएको दश वर्षको अवधिमा बहुविवाहका मुद्दा अदालतमा दर्ता हुने संख्यामा उल्लेखनीय रूपमा बृद्धि भएको तथ्याङ्कहरूबाट देखिए तापनि प्रभावकारी अनुसन्धान नहुँदा बहुविवाहको कसुर गर्नेहरू पनि कानूनी कारबाहीमा पर्न नसकेको अवस्थालाई यस अध्ययनमा उल्लेख गरिएको छ। बहुविवाहसम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्न भौतिक प्रमाणको संकलनमा विशेष

---

[८] आर्थिक/सामाजिक अपराधको प्रवृत्तिगत अध्ययन, (२०७४), प्रकाशकः महान्यायाधिवक्ताको कार्यालय, नेपाल, रामशाहपथ, काठमाडौं।

ध्यान दिने, जाहेरवालालगायतका साक्षीलाई अदालतमा बकपत्रको लागि उपस्थित गराउन विशेष ध्यान दिने, अनुसन्धान र अभियोजन गर्ने जनशक्तिको दक्षता अभिबृद्धि गर्ने र बहुविवाहको विरूद्धमा विभिन्न माध्यमबाट कानूनी सचेतनासम्बन्धी कार्यक्रमहरू संचालन गर्ने जस्ता सुझावहरू दिइएको छ। यस अध्ययनमा विशेष गरी मुलुकी ऐन बिवाहवारी महलको ९ र १० नं. को व्यवस्थामा केन्द्रित रहेर बहुविवाहसम्बन्धी अपराधको प्रवृत्तिलाई विश्लेषण गरिएको छ।

**१.५.३ विवाहसम्बन्धी विद्यमान नेपाल कानून, यसको कार्यान्वयन र प्रभावः**[९] प्रस्तुत लेख सहन्यायाधिवक्ता सञ्जिवराज रेग्मीद्धारा लेखिएको र राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रकाशित पत्रिका प्रतिपादनमा छापिएको छ। यस लेखमा नेपालको सन्दर्भमा विवाहसम्बन्धी व्यवस्थाको चर्चा गरिनुका साथै मुलुकी ऐन र फौजदारी अपराध संहिता,२०७४ मा भएको बहुविवाहसम्बन्धी व्यवस्थाको तुलनात्मक विश्लेषण गरिएको छ। यस लेखमा मुलुकी अपराध संहिता लागु हुनुभन्दा पहिले बहुविवाह निषेधित कार्य मानिए पनि यस्तो विवाह बदर नहुने र मुलुकी अपराध संहिता कार्यान्वयन भएपश्चात बहुविवाह स्वतः बदर हुने र प्रारम्भबाट नै अमान्य हुने व्यवस्थाको विश्लेषण गरिएको छ। यस्तो विवाह स्वतः बदर भएको अवस्थामा समाजमा नयाँ खालका समस्या सृजना हुने र बच्चाको जन्म भएको अवस्थामा तिनीहरूको हकहितमा नकारात्मक असर पर्ने जस्ता विषयसमेत यस लेखमा उल्लेख गरिएको छ। मुलुकी अपराध संहितामा बहुविवाहसम्बन्धी भएको व्यवस्थाको बारेमा समाजमा व्यापक प्रचारप्रसार गर्नुपर्ने र बहुविवाहको असरका विषयमा सामाजिक रूपमा सचेतना जगाउनु पर्ने आवश्यकता लेखमा विशेष जोड दिइएको छ। साथै प्रस्तुत लेखमा विवाहसम्बन्धी कानूनको पालना र प्रयोगमा हरेक नागरिक, व्यक्ति र कानून कार्यान्वयन गर्ने अधिकारीलगायत सबै सरोकारवालाहरूको ध्यान पुग्नुपर्ने कुरामा जोड दिएको पाइन्छ।

## १.६ अनुसन्धानको सीमाः

प्रस्तुत अनुसन्धानमा महान्यायाधिवक्ताको कार्यालयको आ.व. २०७७/०७८ को बार्षिक प्रतिवेदनअनुसार प्रदेशगत रूपमा सबैभन्दा बढी बहुविवाह मुद्दाको लगत रहेका मोरङ्ग,

---

[९] प्रतिपादन (विज्ञ समीक्षित अनुसन्धानमूलक कानून पत्रिका),(२०७८), प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैंजु, काठमाडौं।

सिराहा, काठमाडौं, कास्की, बाँके, सुर्खेत र कैलाली जिल्लाका जिल्ला सरकारी वकिल कार्यालयहरूबाट तत् जिल्ला अदालतमा दायर भै सोही आ.ब. मा फैसला भएका उल्लिखित जिल्ला सरकारी वकिल कार्यालयहरूमा रहेको लगतमध्ये १० प्रतिशत मुद्दाका फैसलाहरूलाई नमुनाको रूपमा अध्ययन गरिनेछ। विवाहको सम्बन्धमा भएका महत्वपूर्ण अन्तर्राष्ट्रिय कानून, बहुविवाहको सम्बन्धमा **भारत, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, पाकिस्तानमा** रहेको कानूनी व्यवस्था, निजी अन्तर्राष्ट्रिय कानून, राष्ट्रिय कानून तथा उल्लिखित जिल्ला अदालतहरूबाट बहुविवाह मुद्दामा भएका ५३ वटा फैसलाहरूको अध्ययन गरिएको छ। प्रस्तुत अनुसन्धानमा बालविवाह र हाडनातामा गरिने विवाहको बारेमा उल्लेख गरिएको छैन। साथै, प्रस्तुत अनुसन्धानको लागि निर्धारित गरिएको समयावधि, स्रोत साधन र तोकिएको जनशक्तिको अन्य कार्यव्यस्ततासमेतलाई मध्यनजर गरी उल्लिखित जिल्ला अदालतबाट भएका ५३ थान मुद्दामा भएको फैसला र ती फैसलाबाट प्राप्त गरिएका विवरण र तथ्यांक बाहेकका अन्य बिषयको बारेमा अध्ययन गरिएको छैन।

### १.७ अनुसन्धानको संरचनाः

प्रस्तुत अनुसन्धान प्रतिवेदनलाई छ परिच्छेदहरूमा विभाजन गरिएको छ। परिच्छेद-एकमा अनुसन्धानको पृष्ठभूमि, अनुसन्धानको महत्त्व, अनुसन्धानको समस्या कथन, अनुसन्धानको उद्देश्य, पूर्व अध्ययनको समीक्षा, अनुसन्धानको सीमा र अनुसन्धानको संरचना समावेश गरिएको छ। परिच्छेद-दुईमा अनुसन्धान पद्धति (तथ्याङ्क संकलन र तथ्याङ्कका स्रोत) लाई समावेश गरिएको छ। परिच्छेद-तीनमा विवाह र बहुविवाहसम्बन्धी अवधारणागत पक्ष, अन्तर्राष्ट्रिय कानूनी संयन्त्र, अन्तर्राष्ट्रिय अभ्यास र निजी अन्तर्राष्ट्रिय कानून समावेश गरिएको छ। परिच्छेद-चारमा राष्ट्रिय कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको बिश्लेषण गरिएको छ भने परिच्छेद-पाँचमा बहुविवाहसम्बन्धी मुद्दामा जिल्ला अदालतबाट भएका फैसलाहरूबाट प्राप्त तथ्यांक/विवरणको विश्लेषण तथा परिच्छेद-छ मा निष्कर्ष र सुझावहरू समावेश गरिएको छ।

# परिच्छेद-दुई

## २. अनुसन्धान पद्धति

यस अनुसन्धानमा आवश्यकतानुसार निम्नलिखित अनुसन्धान विधिहरू अवलम्बन गरिएको छ।

## २.१ अनुसन्धान तथा अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धानको ढाँचा सैद्धान्तिक तथा गुणात्मक अनुसन्धान (Doctrinal as well Qualitative Research) हुनेछ। साथै यस अनुसन्धानमा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा (Descriptive and Analytical Research Design) को प्रयोग गरिएको छ।

## २.२ नमुनाकरण विधि

### २.२.१ अनुसन्धान तथा अनुसन्धानको जनसंख्या

महान्यायाधिवक्ताको कार्यालयको आ.व. २०७७/७८ को बार्षिक प्रतिवेदनअनुसार सो आ.व. मा बहुविवाह मुद्दामा अभियोजन भएको जम्मा मुद्दा संख्यालाई आधार मानी प्रतिनिधिमूलक हुने गरी नमुना संकलन गरिएको छ। यसका लागि तत् तत् प्रदेशभित्र रहेका सबैभन्दा बढी मुद्दा संख्या भएका जिल्ला अदालतहरू मोरङ्ग, सिराहा, काठमाडौं, कास्की, बाँके, सुर्खेत र कैलालीबाट आर्थिक वर्ष २०७७/०७८ मा फैसला भएका बहुविवाहसम्बन्धी मुद्दाहरू यस अनुसन्धानको जनसंख्या हुनेछ।

### २.२.२ नमुना र नमुनाको आकार

नेपालको ७७ वटा जिल्ला अदालतहरूमध्ये सात वटा प्रदेशको प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशमा अवस्थित जिल्ला अदालतमध्ये सबैभन्दा बढी बहुविवाह मुद्दाको लगत संख्या भएका जिल्ला अदालतहरू मोरङ्ग, सिराहा, काठमाडौं, कास्की, बाँके, सुर्खेत र कैलालीबाट आर्थिक वर्ष २०७७/०७८ मा फैसला भएका बहुविवाहसम्बन्धी मुद्दाका फैसला नमुनाको रूपमा संकलन गरिएको छ। नमुना संकलन गर्दा सो नमुना लिने प्रयोजनका लागि जिल्ला सरकारी वकिल कार्यालयबाट आर्थिक वर्ष २०७७/०७८ मा दायर भएका जम्मा मुद्दा संख्याको

कम्तीमा १० प्रतिशत मुद्दा[10] सम्भावनायुक्त नमुना छनौट (Probability Sampling) विधिअनुसार नमुनाको रूपमा मुद्दाहरू छनौट गरिएको छ।

## २.३ तथ्याङ्कको स्रोत

प्रस्तुत अनुसन्धान कानून तथा न्याय क्षेत्रको अनुसन्धान भएकाले आवश्यकतानुसार प्राथमिक र गौण स्रोतहरूबाट देहायअनुसार तथ्याङ्क तथा सूचनाहरू संकलन गरिएको छ।

### २.३.१ प्राथमिक तथ्याङ्क

जिल्ला अदालतबाट भएका फैसलाको आधारमा संकलित विवरण, समस्या केन्द्रित समूहगत छलफलबाट प्रस्तुत अनुसन्धानको लागि प्राथमिक तथ्याङ्क तथा सूचनाहरू संकलन गरिएको छ।

### २.३.२ गौण तथ्याङ्क

प्रस्तुत अध्ययनमा अन्तर्राष्ट्रिय कानून र अभ्यास, निजी अन्तर्राष्ट्रिय कानून, राष्ट्रिय कानून, प्रकाशित विभिन्न लेख, समाचार, पुस्तक, पूर्व अनुसन्धान प्रतिवेदन तथा अनुसन्धानमूलक कृतिहरूसमेतबाट बहुविवाहसम्बन्धी आवश्यक जानकारी तथ्याङ्क तथा सूचना संकलन गरिएको छ। साथै, यस विषयमा विद्युतीय माध्यमबाट प्रकाशित भएका केही सान्दर्भिक सामग्रीहरूसमेत संकलन गरी अध्ययन गरिएको छ।

## २.४ तथ्याङ्कको प्रशोधन, विश्लेषण र व्याख्या

यस अध्ययनमा प्राथमिक स्रोतहरूबाट संकलित तथ्याङ्क तथा सूचनाहरूलाई विभिन्न तालिका तथा स्तम्भ चित्रहरूमा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ।

## २.५ अध्ययनको लागि लाग्ने अनुमानित समयावधि र स्रोत

यस अनुसन्धान प्रतिवेदनको लागि लाग्ने समय ३ महिना रहेको छ। यस अनुसन्धान प्रतिवेदनका लागि आवश्यक वित्तीय स्रोत राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट स्वीकृत बजेटभित्र रही उपलब्ध भएबमोजिम भएको छ।

---

[10] प्रा.डा. दहाल पेशल र प्रा. खतिवडा सोमप्रसाद, अनुसन्धान पद्धति, (२०७७), प्रकाशक:पैरवी बुक हाउस प्रा.लि. पृ.१९०।

## २.६ अध्ययनमा प्रयोग हुने भाषा

यो अनुसन्धान प्रतिवेदन नेपाली भाषामा तयार गरी प्रस्तुत गरिएको छ।

# परिच्छेद-तीन

## ३.१ अवधारणात्मक पक्ष

विश्वमा प्रचलनमा रहेका कानून प्रणालीमा विवाहसम्बन्धी कानूनी अवधारणामा **केही भिन्नता रहेको जस्तो देखिए तापनि यसमा धेरै कुरामा समानता रहेको पाइन्छ।** पश्चिमा संस्कृतिमा विवाहलाई एक सम्झौताको रूपमा लिएको देखिन्छ। त्यस्तै मुस्लिम कानून प्रणालीले विवाहलाई सम्झौताको रूपमा नै लिई बहुविवाह गर्न छुट दिएको छ। हिन्दु धर्ममा विवाहलाई दुई पवित्र आत्माको मिलन मानिएको छ। ती पवित्र आात्माहरूको मिलन भएर दुई आत्मा एक ठाउँमा विलिन भएपछि निर्मित भावनाको कहिल्यै विछोड हुन वा टुट्न सक्दैन भन्ने धारणा रहेको हुँदा सम्बन्ध विच्छेद हुने परिकल्पना गरेको देखिँदैन। यसबाट हिन्दु अवधारणा बढी भावनात्मक रहेको देखिन्छ। समग्रमा विश्वका सबै कानून प्रणालीमा विवाहलाई एउटा सम्झौताको रूपमा लिने गरेको देखिन्छ।

विवाहको सर्वमान्य परिभाषा छैन। सामान्यतयाः पुरूष र महिलाबिचमा यौन सम्पर्क स्थापित भई पति पत्नी सरह बस्नु नै नेपाल कानूनअनुसार विवाह हो।[११]

Black's Law Dictionary मा विवाहलाई "Legal Union of a couple as husband and wife." भनि उल्लेख छ। साथै वैध विवाह हुनका लागि a. parties legally capable of contracting to marry, b. mutual consent or agreement c. an actual contracting in the form prescribed by law हुनुपर्दछ भनी उल्लेख छ। [१२]

Hedaya ले विवाहलाई Marriage is a kind of a contract which legalized its generation भनी तथा Dr. M.V.S. ले Marriage is a kind of contract including with devotion act भनी बिवाहको परिभाषा गरेका छन् [१३]

---

[११] फौजदारी कानूनको समीक्षात्मक विवेचना, प्रा. माधवप्रसाद आचार्यसमेत, प्रथम संस्करण २०६३ भाद्र, पृष्ठ ५८९

[१२] Bryan A. Garner, Editor Chief, Black's Law Dictionary, Eight Edition, South Asian Edition, Thomson Reuters, 2015, p. 992

[१३] प्रमुख कानून प्रणालीहरु, टंकप्रसाद दुलाल, पैरवी प्रकाशन, २०५५, पेज नं. ३६२

कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ। विवाह पुरूष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हुने व्यवस्था रहेको छ। प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुने तथा विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्ने व्यवस्था भनी मुलुकी देवानी संहिता, २०७४ मा रहेको छ।

## ३.२ बहुविवाह

एकै समयमा एकभन्दा बढी पति वा पत्नी राख्ने कार्य बहुविवाह हो भन्ने बुझिन्छ। विशेष गरी बिवाहित पुरूषले एकै समयमा एकभन्दा बढी महिलालाई श्रीमतीका रूपमा राख्ने कार्य नै बहुविवाह हो।

Black's Law Dictionary मा polygamy लाई "The state or practice of having more than one spouse simultaneously" भनी उल्लेख छ।[१४] यस शब्दार्थबाट समेत कुनै पनि ब्यक्तिको एकै समयमा एकभन्दा बढी पति वा पत्नि हुने अवस्था बहुविवाह हो भन्ने नै देखिन्छ।

संयुक्त राष्ट्र संघको मानब अधिकारसम्बन्धी समितिको सन् २००० को प्रतिवेदनमा "नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले equality of treatment with regard to the right to marry को अधिकार प्रदान गरेको छ र बहुविवाहले सो विपरीत कसुरबाट पीडित महिलालाई मर्यादित जीवन जिउनबाट बञ्चित गर्दछ" भन्ने समेत उल्लेख भएको छ। विश्वमा रहेका देशहरूमध्ये मुस्लिम समुदायको बाहुल्यता रहेका एसिया र अफ्रिकाका अधिकांश देशहरूमा बहुविवाहलाई कानूनी मान्यता दिएको पाइन्छ।

## ३.३ अन्तर्राष्ट्रिय कानून

### ३.३.१ मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८

[१४] Bryan A. Garner, Editor Chief, Black's Law Dictionary, Eight Edition, South Asian Edition, Thomson Reuters, 2015, p. 1197

सम्पूर्ण विश्वमा रहेका मानवको मानव अधिकारको संरक्षण, प्रवर्धन र परिपूर्ति गर्ने समेतका बिषयमा संयुक्त राष्ट्रसंघको तत्वावधानमा जारी भएको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १६ मा व्यक्तिको विवाह र पारिवारिक जीवनको अधिकार बारे उल्लेख छ। जसअनुसार पक्ष राष्ट्रहरूले विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै बिषयहरूमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न उपयुक्त उमेर पुगेका पुरूष तथा महिलालाई जाति, राष्ट्रियता वा धर्मको कारणले लगाइने कुनै पनि सीमा विना विवाह गरी परिवार बसाउने अधिकार हुनेछ। उनीहरूलाई विवाह गर्दाका बखत, वैवाहिक सम्वन्ध रहँदाका बखत र विवाह विच्छेदका वखत समान अधिकारहरू प्राप्त हुने[१५] इच्छुक वरवधुको स्वतन्त्र तथा पूर्ण मन्जुरी बिना विवाह सम्पन्न नगरिने[१६] र परिवार समाजको प्राकृतिक तथा मौलिक इकाइको रूपमा रहने र परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउने[१७] भन्ने समेतका बिषय उल्लेख गरिएको छ।

## ३.३.२ नागरिक तथा राजनितिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६

यस महासन्धीको धारा २३(१) मा परिवार समाजको प्राकृतिक तथा मौलिक इकाइको रूपमा रहने र परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउने[१८]; विवाहयोग्य उमेरका पुरूष तथा महिलाको विवाह गर्ने र परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिने[१९] र इच्छुक वरवधुको स्वतन्त्र तथा पूर्ण मन्जुरी विना विवाह सम्पन्न नगरिने[२०] समेतका व्यवस्थाहरू रहेका छन्। साथै यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले विवाह सम्बन्धमा, विवाह अवधिभर वा विवाहको विच्छेदका समयमा वर वधुहरूको अधिकार र उत्तरदायित्वहरूमा समानता सुनिश्चित गर्न समुचित कदमहरू चाल्नुपर्ने र सम्वन्ध विच्छेद भएको खण्डमा बालबालिकाको आवश्यक संरक्षणको लागि व्यवस्था गरिनु पर्ने व्यवस्था रहेको छ।[२१]

---

[१५] मानव अधिकार विश्वव्यापी घोषणापत्र १९४८ धारा १६ (१)

[१६] ऐजन, धारा १६ (२)

[१७] ऐजन, धारा १६ (३)

[१८] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६, धारा २३ (१)

[१९] ऐजन, धारा २३ (२)

[२०] ऐजन, धारा २३ (३)

[२१] ऐजन, धारा २३ (४)

### ३.३.३ महिला विरूद्धको भेदभाव उन्मूलन सम्बन्धी महासन्धी, १९७९

यस महासन्धीको धारा १६(१) मा पक्ष राष्ट्रहरूले विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै बिषयहरूमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्वन गर्ने र खासगरी महिला र पुरूषको समानताका आधारमा निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्ः

क) विवाह गर्ने समान अधिकार,

ख) स्वतन्त्र रूपले वर रोज्ने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह गर्ने समान अधिकार,

ग) विवाहपश्चात् र विवाह विच्छेदको अवस्थामा समान अधिकार तथा उत्तरदायित्वहरू,

घ) उनीहरूको वैवाहिक स्थिति जेसुकै भए तापनि, उनीहरूका बालबालिकासँग सम्बन्धित कुराहरूमा बाबुआमाको समान अधिकार तथा उत्तरदायित्वहरू सबै अवस्थाहरूमा बालबालिकाको हित नै सर्वोपरी हुनेछ,

ङ) आफ्ना बालबालिकाको संख्या र जन्मान्तरका विषयमा स्वतन्त्र एवं जिम्मेवारीपूर्वक निर्णय गर्ने अधिकारहरू तथा उनीहरूलाई यी अधिकारहरू प्रयोग गर्न सक्षम बनाउन जानकारी, शिक्षा तथा साधनमा पहुँच प्राप्त गर्ने अधिकारहरू,

च) बालबालिकाको संरक्षकत्व, हेरचाह, न्यासधारण र धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने सम्बन्धमा वा राष्ट्रिय कानूनमा यी अवधारणाहरू विद्यमान भएका यस्तै संस्थाहरूको सम्बन्धमा समान अधिकार तथा उत्तरदायित्वहरू सबै अवस्थाहरूमा बालबालिकाको हित नै सर्वोपरी हुनेछ,

छ) पारिवारिक नाम, पेशा र व्यबसाय छनौट गर्ने अधिकारलगायत पति र पत्नीको समान व्यक्तिगत अधिकारहरू,

ज) सम्पत्तिको स्वामित्व, प्राप्ति, व्यवस्थापन, संचालन, भोगचलन र वेचबिखनका सम्बन्धमा, निशुल्क वा मूल्यवान प्रतिफल वापत जे भए पनि पति र पत्नी दुबैको समान अधिकार।

## ३.४ निजी अन्तर्राष्ट्रिय कानून

मुलुकी देवानी संहिता, २०७४ मा बिवाहसम्बन्धी बिषयको बारेमा उल्लेख गरिएको छ। जसमा नेपाली नागरिकले बिदेशी मुलुकमा विवाह गर्दा नेपाल कानूनबमोजिम निर्धारित सक्षमता, योग्यता र शर्त पूरा गर्नुपर्ने, बिवाह गर्दा पूरा गर्नुपर्ने औपचारिकता बिवाह गरेको मुलुकको कानूनबमोजिम हुने तर बिदेश स्थित नेपाली राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह गर्दा नेपाल कानूनबमोजिमको औपचारिकता पनि पूरा गर्नु समेतका बिषय उल्लेख गरिएको छ।[२२]

साथै विदेशीहरू वा विदेशी र नेपाली नागरिकले नेपालमा विवाह गर्दा विवाह गर्ने प्रत्येक व्यक्तिले आ-आफ्नो नागरिकता रहेको मुलुकको कानूनबमोजिम निर्धारित सक्षमता, योग्यता र शर्त पालना गर्नुपर्ने, नेपालमा विदेशीले विवाह गर्दा पूरा गर्नुपर्ने औपचारिकता नेपाल कानूनबमोजिम हुने तर नेपालस्थित विदेशी राजदूतावास वा महावाणिज्य दूतावासमा बिवाह गर्दा सम्बन्धित मुलुकको कानूनबमोजिमको औपचारिकता पूरा गर्नुपर्दछ।[२३]

विवाहपश्चात् दम्पतिको वैवाहिक सम्वन्ध तथा विवाहको परिणाम निजहरूको नागरिकता एउटै मुलुकको भए त्यस्तो मुलुकको कानूनबमोजिम, त्यस्तो मुलुक फरक फरक भएमा निजहरूले सामान्य रूपमा बसोबास गरेको मुलुकको र त्यस्तो मुलुक पनि फरक फरक भएमा निजहरू तत्काल बसोबास गरेको मुलुकको कानूनबमोजिम निर्धारण हुनेछ। तर सो बमोजिम विवाहको परिणाम निर्धारण हुन नसकेमा निजहरूले विवाह गरेको मुलुकको कानूनबमोजिम निर्धारण हुनेछ[२४] समेतका व्यवस्था संहितामा रहेका छन्।

## ३.५ अन्य देशको अभ्यास

### संयुक्त अधिराज्य

संयुक्त अधिराज्यमा प्रारम्भमा बहुविवाहलाई सामान्य अपराध मानिएको भए पनि सन् १६०३ देखि बहुविवाहलाई कानूनद्वारा नै गम्भीर अपराध (Capital Felony) बनाएको पाइन्छ। Offense Against the Person Act, 1861 ले त्यहाँ बहुविवाहलाई ७ वर्षसम्म कैद हुने कसुर

[२२] मुलुकी देवानी संहिता, २०७४ दफा ६९९

[२३] ऐ. दफा ७००

[२४] ऐ. दफा ७०१

मानेको छ। बेलायती नागरिकले बेलायतभित्र र बाहिर जहाँसुकै बहुविवाह गरेको भए पनि बहुविवाहमा कारबाही हुने गरी ऐनको बहुक्षेत्रीय अधिकारक्षेत्र रहने व्यवस्था रहेको छ। तर पति वा पत्नि ७ वर्षदेखि वेपत्ता भएको अवस्थामा गरेको दोस्रो विवाह, सम्बन्ध विच्छेदपछि भएको दोस्रो विवाह र अदालतको फैसलाले अघिल्लो विवाह बदर गरेको अवस्थामा भएको दोस्रो विवाह बहुविवाहमा सजाय हुँदैन।

## संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकाले अरू देशमा भएको विवाहलाई पनि कानूनी मान्यता दिएको देखिन्छ। तसर्थ अरू देशमा विवाह गरिसकेको व्यक्तिले कानूनबमोजिम सम्बन्ध विच्छेद नगरी संयुक्त राज्य अमेरिकामा दोस्रो विवाह गर्न पाउदैन। विवाहित अमेरिकी नागरिकले पनि अर्को देशमा गएर बहुविवाह गर्न पाउदैन। पहिलो पति वा पत्नीको मृत्यु भइसकेको भरपर्दो आधार रहेको, सम्बन्ध विच्छेदपछि गरेको, अदालतको फैसलाले अघिल्लो विवाह बदर गरेको अवस्थामा अर्को विवाह गर्न सक्ने र त्यस अवस्थामा गरेको विवाहलाई कानून विपरीतको बहुविवाह नमानिने व्यवस्था रहेको छ। संयुक्त राज्य अमेरिकाका विभिन्न राज्यहरूमा पनि फरक फरक विवाहसम्बन्धी कानून रहेका र बहुविवाहसम्बन्धी कसुरमा सजायको व्यवस्था रहेको छ।

## भारत

भारतमा मुस्लिम समुदायलाई लागु हुने मुस्लिम कानून बाहेक भारतीय विवाहसम्बन्धी कानूनले बहुविवाहलाई प्रतिबन्ध लगाएको छ। बहुविवाह भए त्यस्तो विवाह बदर (void) हुने व्यवस्था रहेको छ। भारतमा बहुविवाहलाई गम्भीर फौजदारी कसुरको रूपमा लिएको पाइन्छ। भारतीय दण्ड संहिता, १८६० को दफा ४९१ देखि ४९५ सम्म बहुविवाह निषेध गर्ने सम्बन्धी कानूनी व्यवस्था र सजायको व्यवस्था रहेको छ। गैरकानूनी रूपमा दोस्रो विवाह गरेमा भारतीय दण्ड सहिंताअनुसार ७ वर्षसम्म कैद र जरिवानासमेतको व्यवस्था गरेको छ। तर उक्त संहितामा यदि कुनै श्रीमान श्रीमतीको वैवाहिक सम्बन्ध सक्षम अदालतबाट बदर घोषित गरिएको रहेछ भने वा बिना सल्लाह श्रीमान श्रीमतीबिच ७ वर्षदेखि अलग रहेको प्रमाणित भएमा त्यस्तो अवस्थामा भएको दोस्रो विवाहमा सजाय हुने व्यवस्था गरिएको छैन।

# परिच्छेद-चार
# राष्ट्रिय कानूनी व्यवस्था

कानूनी वा औपचारिक रूपमा एक महिला र पुरूष व्यक्तिगत रूपमा बैवाहिक सम्बन्धमा आवद्ध हुनुलाई विवाहको रूपमा लिइन्छ। एकै समयमा कुनै व्यक्तिको एकभन्दा बढी पति वा पत्नी भएको अवस्था बहुविवाहको अवस्था हो। कुनै पनि विवाहित पति वा पत्नीले आफ्नो पति वा पत्नी जीवित छँदै अर्को पति वा पत्नी ग्रहण गरेमा बहुविवाह भएको मानिन्छ। विश्वका अधिकांश देशहरूले कुनै पनि विवाहित व्यक्तिले कानूनबमोजिम दोस्रो विवाह गर्न पाउने अवस्थामा बाहेक दोस्रो विवाह गर्नु हुदैन भनी बहुविवाहलाई कसुरको रूपमा परिभाषित गरी सजायको व्यवस्था गरिएको छ। नेपालमा पनि बहुविवाहलाई गम्भीर प्रकृतिको फौजदारी अपराध मानी मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ मा समावेश गरिएको छ। बहुविवाहसम्बन्धी मुद्दाको अनुसन्धान सम्बन्धित क्षेत्रमा रहेको प्रहरी कार्यालयले, अभियोजन सरकारी वकिलले र निर्णय अदालतबाट हुने गरी कानूनी र संस्थागत प्रवन्ध गरिएको छ।

## ४.१ राष्ट्रिय कानूनी व्यवस्था

### ४.१.१ विवाहसम्वन्धी व्यवस्था

मुलुकी देवानी संहिता, २०७४ को भाग ३ मा रहेको पारिवारिक कानून अन्तर्गत परिच्छेद १ मा विवाहसम्बन्धी व्यवस्था रहेको छ। कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने,[२५] विवाह पुरूष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित पवित्र सामाजिक तथा कानूनी बन्धन हुने,[२६] व्यवस्था रहेको छ। प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुने तथा विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु

---

[२५] मुलुकी देवानी संहिता, २०७४, दफा ६७

[२६] ऐजन, दफा ६८

पर्ने र प्रत्येक व्यक्तिको पारिवारिक जीवन अनतिक्रम्य हुने[२७] समेतका व्यवस्था मुलुकी देवानी संहिता, २०७४ मा रहेका छन्। यस संहितामा पुरूष र महिलाले एक अर्कालाई पति पत्निका रूपमा स्वीकार गर्न मञ्जुर गरेमा, हाडनाताको करणीमा सजाय हुन सक्ने नाताको नभएमा, पुरूष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा र बिस वर्ष उमेर पूरा भएमा महिला र पुरूषबिच विवाह हुन सक्ने भनी विवाह गर्नको लागि हुनुपर्ने योग्यता तोकिएको छ।[२८] यी तोकिएका योग्यता नरहेका महिला र पुरूषबिच विवाह गर्न गराउन नहुने, तोकिएका अवस्थाको विपरीत पुरूष र महिलालाई झुक्याई विवाह गर्न गराउन नहुने,[२९] समेतका व्यवस्था रहेको छ। पुरूष र महिलाको मञ्जुरी नभई भएको विवाह र हाडनाताको करणीमा सजाय हुन सक्ने नाताको व्यक्तिहरूबिच भएको विवाहलाई प्रारम्भदेखि नै अमान्य हुने अर्थात स्वतः बदर हुने[३०] प्रकृतिका विवाहमा रहेका छन् भने बिस वर्षको उमेर पूरा नभएका र तोकिएका अवस्थाको विपरीत पुरूष र महिलालाई झुक्याई गरेको विवाह कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सक्ने[३१] व्यवस्था रहेको छ। जवरजस्ती करणी भएको कारणले र हाडनाता करणीमा सजाय हुने नाताका पुरूषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरूष र माहिलाबिच स्वतः विवाह भएको मानिने[३२] र विवाह बदर भएमा वा बदर गराएमा त्यस्तो विवाहबाट जन्मिएको शिशुको कानूनबमोजिमको हकमा कुनै असर नपर्ने[३३] समेतका व्यवस्था रहेको। पति पत्निले तोकिएबमोजिम विवाह दर्ता गराउनु पर्ने[३४], दर्ताद्वारा पनि विवाह गर्न सकिने,[३५] दफा ७२ वा ७३ बमोजिम विवाह बदर भएमा, कानूनबमोजिम पति पत्नीको सम्बन्ध बिच्छेद भएमा र पत्नीले कानूनबमोजिम सम्बन्ध बिच्छेद नहुँदै अर्को विवाह गरेमा

---

[२७] ऐजन, दफा ६९
[२८] ऐजन, दफा ७०
[२९] ऐजन, दफा ७१
[३०] ऐजन, दफा ७२
[३१] ऐजन, दफा ७३
[३२] ऐजन, दफा ७४
[३३] ऐजन, दफा ७५
[३४] ऐजन, दफा ७६
[३५] ऐजन, दफा ७७

वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने[३६] र दफा ८२ बमोजिम पति पत्निबिच वैवाहिक सम्बन्ध अन्त्य भएमा, पति पत्निको मृत्यु भएमा र पति पत्निले कानूनबमोजिम अंशबण्डा गरी भिन्न भएमा पुरूष र महिलाले पुनः विवाह गर्न सक्ने[३७] व्यवस्था रहेको छ। साथै यस काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको मितिले ३ महिनाभित्र नालिस गर्न सक्ने गरी हदम्यादको व्यवस्था गरिएको छ। साथै संहिताको दफा ८५ देखि ९१ सम्म विवाहको परिणामसम्बन्धी बिषयहरू बारे उल्लेख भएको छ।

## ४.१.२ मुलुकी ऐन, २०२० मा रहेको विवाहसम्बन्धी कसुरको व्यवस्था

बहुविवाहको प्रचलन हिन्दु समाजमा प्राचीनकालदेखि नै चलिआएको भए तापनि नयाँ मुलुकी ऐन, २०२० मा विहावारीको महल भनी यस सम्बन्धी छुट्टै महलको व्यवस्था गरी बिवाह र कसुरजन्य विवाहको बिषयमा उल्लेख गरिएको थियो। पछि उक्त महलमा क्रमिक रूपमा संशोधन हुदै आयो। बिस वर्ष उमेर पुगेका महिला र पुरूषले आफ्नो ईच्छाअनुसार राजीखुशीले हाडनाता करणीको महलले सजाय हुने नातामा बाहेक विहावारी गर्न हुने, महिला वा पुरूषलाई तोकिएका रोग तथा अवस्था रहे भएको कुराका बारेमा निजहरूलाई झुक्याई विवाह गर्न गराउन नहुने समेतका व्यवस्था यस महलमा रहेका थिए। एकासगोलमा बस्न नसक्ने कारणबाट लोग्ने र स्वास्नीबिच अंशवण्डा भै भिन्न बसेमा बाहेक कुनै लोग्ने मानिसले आफ्नी पत्नी जीवित छँदै वा कानूनबमोजिम पति पत्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की महिलासँग विवाह गर्न वा अर्की पत्नी राख्न नहुने गरी गरिएको व्यवस्थाले विवाहिता पुरूष वा महिलाले निश्चित अवस्थामा मात्र दोस्रो विवाह गर्न पाउने र सो बाहेक अन्य अवस्थामा अर्को विवाह गरेमा बहुविवाहको कसुर गरेको मानी सजाय हुने व्यवस्था उक्त ऐनमा रहेको थियो।

मुलुकी ऐन विहावारीको महलको १० नं. मा कसैले यो महलको ९ नं. मा रहेका कुराको विपरीत हुने गरी अर्को विवाह गरेमा निजलाई १ वर्षदेखि ३ वर्षसम्म कैद र पाँच हजारदेखि पच्चिस हजार रूपियाँसम्म जरिवाना हुने र कुनै पुरूष बिवाहित हो भन्ने जानाजानी त्यस्तो पुरूषसँग विवाह गरेमा त्यस्ती महिलालाई पनि सो पुरूष सरह सजाय हुने व्यवस्था रहेको थियो। तर बहुविवाह गरेको ठहर भए पनि सो बिवाह भने कायम नै हुने अवस्था रहेको

[३६] ऐजन, दफा ८२

[३७] ऐजन, दफा ८३

थियो। साथै, बहुविवाहको कसुर भएको कुरा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस गरी सक्नुपर्ने गरी हदम्यादको ब्यवस्था रहेको थियो।

लैंगिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ ले तत् सम्बन्धमा रहेका विभिन्न कानूनहरूका साथै मुलुकी ऐनको विहावारीको महलमा समेत व्यापक संशोधन गरी बिवाहित पुरूषले अर्को विवाह गर्न पाउने गरी तोकिएका सर्तलाइ हटाएको थियो। ती संशोधनबाट हटाइएका सर्तमा श्रीमतीलाई यौनसम्बन्धी कुनै सरूवा रोग भइ निको नहुने भएमा, श्रीमती दुवै आँखा नदेख्ने अन्धी भएमा, श्रीमती हिडडुल गर्न नसक्ने गरी कुँजी भएमा, श्रीमतीका कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा, श्रीमती निको नहुने गरी बौलाएमा, अंशबण्डाको महलको १० नं. बमोजिम श्रीमतीले अंश लिई भिन्न बसेमा अर्को विवाह गर्न पाउने गरी भएको साविक विहावारीको महलको ९क नम्बरको व्यवस्था नै खारेज गरिएको थियो।

### ४.१.३ मुलुकी अपराध संहिता, २०७४ मा रहेका विवाहसम्बन्धी कसुरमा भएका व्यवस्था

कानून र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, र आर्थिक हित कायम राख्न  फौजदारी कसुरसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी लागु भएको मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ११ मा विवाह सम्बन्धी कसुर बारे उल्लेख छ। यस परिच्छेदमा विवाह गर्ने व्यक्तिको मञ्जुरी बिना विवाह गर्न नहुने, मञ्जुरी बिना भएको विवाह बदर हुने,[३८] हाडनातामा विवाह गर्न नहुने,[३९] बाल विवाह गर्न नहुने,[४०] विवाहमा लेनदेन गर्न नहुने,[४१] र बहुविवाह गर्न नहुने,[४२] भनी उल्लिखित वारदातहरूलाई कसुर भनी उल्लेख गरी सो कसुर गर्ने गराउने व्यक्तिलाई हुने सजायको बारेमा उल्लेख छ।

---

[३८] मुलुकी अपराध संहिता, २०७४, दफा १७१

[३९] ऐजन, दफा १७२

[४०] ऐजन, दफा १७३

[४१] ऐजन, दफा १७४

[४२] ऐजन, दफा १७५

यस संहितामा विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने र कुनै पुरूष विवाहित हो भन्ने जानाजानी त्यस्तो पुरूषसँग कुनै महिलाले विवाह गर्नु हुदैन भनी यस बिपरीत बिवाह गरेमा बहुविवाहको कसुर गरेको मानी सजाय हुने व्यवस्था रहेको छ। तर पति पत्नीले कानूनबमोजिम अंशबण्डा गरी भिन्न भएमा पुरूष वा महिलाले पुनः विवाह गर्न सक्ने व्यवस्था रहेको छ।[४३]

बहुविवाह गर्ने र गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रूपियाँदेखि पचास हजार रूपियाँसम्म जरिवाना हुने र सो विवाह स्वतः बदर हुने कानूनी व्यवस्था रहेको छ। साथै यो संहिता लागु हुनुअघि तत्काल प्रचलित कानूनबमोजिम भएको विवाहको हकमा संहिताको यस दफामा लेखिएको कुनै कुराले असर पारेको मानिने छैन भन्ने समेतका व्यवस्था यस संहितामा रहेको छ। यस परिच्छेद अन्तर्गतका कसुरमा कसुर भए गरेको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन भनी हदम्यादको व्यवस्था रहेको छ। बहुविवाहको कसुर मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिएको छ।

## ४.२ न्यायिक दृष्टिकोण

सर्वोच्च अदालतले बहुविवाहसम्बन्धी बिवादको निर्णयको क्रममा गरेका केही प्रतिनिधिमूलक मुद्दामा भएका कानूनको ब्याख्या र प्रतिपादित सिद्धान्तहरू निम्न बमोजिम उल्लेख गरिएको छः

**१. नेपाली नागरिकको हकमा बहुक्षेत्रीय क्षेत्राधिकारको प्रयोग हुनेः** श्री ५ को सरकार वि. इद्रीस मियासमेत भएको बहुविवाह मुद्दा[४४] मा ऐनमा भएको व्यवस्थाले नेपाली नागरिकलाई एउटा पत्नी हुँदाहुँदै निजसँग सम्वन्ध विच्छेद नभईकन अर्को स्वास्नी मानिससँग विवाह गर्न निषेध गरेको हुँदा नेपाली नागरिकको हैसियतबाट निज जहाँसुकै रहे पनि निज उपर सो ऐनले लगाएको प्रतिवन्ध छुट्न नसक्ने भनी ब्याख्या भएको छ। यसबाट प्रस्तुत मुद्दामा ऐन महलको प्रयोगमा नेपाली नागरिकको हकमा बहुक्षेत्रीय प्रयोग हुने कुरा स्पष्ट रूपमा व्याख्याबाट स्थापित भएको छ।

[४३] ऐजन, दफा १७५(३)

[४४] ने.का.प. २०४४ अंक २ पृष्ट २५९ नि.न. ३०११

**२. जाहेरवालाको बकपत्र नभए पनि आपराधिक कार्य गरेको प्रष्ट रूपमा देखिएको अवस्थामा प्रतिवादीले कसुर गरेको ठहर हुने- पुनरावेदक अशोक थापाको हकमा धनबहादुर थापा विपक्षी कल्पना थापाको जाहेरीले नेपाल सरकार भएको बहुविवाह मुद्दा**[४५]

मुलुकी ऐन विहावारीको ९ नं मा देहायका अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै भन्ने किटानी साथ उल्लेख भई तत्काल सो नं. को देहायमा उल्लिखित कुनै पनि अवस्था विद्यमान भएको भन्ने प्रतिवादी अशोक थापाको जिकिर नरहेको अवस्थामा सो अवस्थाको विद्यमानता वेगर प्रतिवादीले बहुविवाह गरेको अवस्था देखिने, जाहेरवाली अदालतमा उपस्थित नहुँदैमा प्रतिवादीले आपराधिक कार्य गरेको प्रष्ट रूपमा देखिंदा देखिँदै त्यस्तो फौजदारी मुद्दाको आपराधिक कार्यबाट निजले उन्मुक्ति पाउँछ भन्न नमिल्ने हुँदा निज प्रतिवादीलाई विहावारीको ९ नं. को कसुरमा सोही महलको १० नं. मा गरिएको तत्कालीन व्यवस्थाअनुसार प्रतिवादीले सफाइ पाउने गरी भएको सुरू अदालतको फैसला उल्टी गरी निजलाई १ महिना कैद र रू. १ हजार जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिंदा सदर हुने भनी फैसला भएको छ।

यसबाट प्रस्तुत मुद्दामा जाहेरवालाको बकपत्र नभए पनि आपराधिक कार्य गरेको प्रष्ट रूपमा देखिएको अवस्थामा प्रतिवादीले कसुर गरेको ठहर गरी सजाय गर्न सकिने गरी ब्याख्या भएको देखिन्छ।

**३. कानूनबमोजिम अंशबण्डा गरी भिन्न भएमा पुनःविवाह गर्न सक्नेः**

(क) नरेन्द्रकुमार कटुवालको जाहेरीले नेपाल सरकार विरूद्ध प्रतिवादी कुमार थपलिया[४६]

ऐनमा जे लेखिएको छ, प्रत्येक नागरिकले त्यसको पालन गर्नुपर्छ। ऐनमा प्रयुक्त शब्द र भाषा स्पष्ट छन् भने तिनको अन्यथा ब्याख्या गर्ने ठाउँ रहँदैन। कुनै व्यक्तिले आफ्नो सुबिधाअनुसार कानूनको भाषा र मनसाय विपरीत प्रयोग गर्न हुँदैन। अदालतले पनि कानूनका स्पष्ट शब्द र भाषालाई सोही अनुरूप समान ढंगबाट प्रयोग गर्नुपर्छ। त्यस्तोमा

[४५] ने.का.प. २०५९ अंक ११११२ पृष्ट ७८७ नि.न. ७१५८

[४६] ने.का.प. २०६४ निर्णय नं. ७८८४

औचित्य र आवश्यकतानुसार एउटै शब्दको अलग अलग ढंगबाट वा असमान प्रयोग हुने गरी भिन्नाभिन्नै अर्थ र ब्याख्या गर्न नहुने।

बिहावारीको महलको ९ नं. ले स्वास्नी मानिसले अंश मुद्दा दायर गर्दैमा लोग्नेले अर्को विवाह गर्न पाउने छुट दिएको छैन। "अंश लिई भिन्न बसेको" भन्नु "मानो छुट्टिएको" वा अदालतमा अंश मुद्दा परेको भनी कदापि हुन सक्दैन। यदि अंश मुद्दा परेको छ भने अंश पाउने ठहरी भएको फैसला कार्यान्वयन भएर अंश छुटयाई सकेपछि मात्र त्यस्ती स्वास्नीले "अंश लिई भिन्न बसेको" भन्न र मान्न सकिन्छ। त्यो भन्दा अगाबै अर्को पक्ष अर्थात लोग्नेको सुविधा र पारिवारिक वा अन्य आवश्यकतालाई औचित्यको मापदण्ड बनाएर "अंशमा नालिश परेको" वा "अलग बसेको" वा "मानो छुट्टिएर अलग बसेको" अवस्थालाई अंश लिई भिन्न बसेको भनेर मान्न वा बिहावारीको ९ नं. को बिस्तारित ब्याख्या गर्न नामिल्ने। घरमा जेठी श्रीमती हुँदाहुँदै दोश्रो विवाह गरी बिहावारीको ९ नं. को कसुर गरेको भनी अंश मुद्दा दायर गरेकोलाई भिन्न बसेको भनी ब्याख्या गरी सुरू जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई सफाइ दिएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने।

(ख) पुनरावेदक प्रतिवादी रामजी प्रसाद उपाध्याय वि. सरस्वती उपाध्यायको जाहेरीले नेपाल सरकार[४७]

आफूले जेठी श्रीमतीलाई पनि अंशसमेत दिई मिलापत्र गरेको र सल्लाहले नै विवाह गरेको भने पनि दोस्रो विवाह गर्न पाउने अवस्थाभन्दा बाहिर गएर कसुर गरिसकेपछि त्यसलाई उन्मुक्ति दिन कानूनले नमिल्ने भएकोले निजले गरेको कसुरजन्य अपराधबाट सफाइ पाउने आधार अंश मुद्दाको मिलापत्र हुन नसक्ने।

जिल्ला अदालतबाट फैसला भइसकेपछि सो सुरूको फैसलाको पुनरावेदन पुनरावेदन अदालतमा विचाराधीन रहेको अवस्थामा जाहेरीको विपरीत जाहेरवालीबाट परेको निवेदन कुनै पनि मूल्यको प्रमाण होइन। प्रमाण पनि विधिसम्मत् प्रक्रियाबाट मिसिलमा प्रवेश गरेको

[४७] ने.का.प. २०७० अंक १ नि.न. ८९५१

भएमा मात्र अदालतले त्यसमा ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ। सरकारवादी फौजदारी मुद्दामा जाहेरवालीको हैसियत सरकारी गवाहको भन्दा बढी केही हुँदैन। यस्तो स्थितिमा पुनरावेदन अदालतमा सरकारी गवाहको प्रतिकूल अभिव्यक्तिले कुनै प्रामाणिक हैसियत राख्न सक्दैन। यस्ता सिफारिसी कथनले न्यायिक प्रयोजनका लागि कुनै पनि महत्त्व र हैसियत राख्न नसक्ने।

(ग) नरेन्द्रकुमार कटुवालको जाहेरीले नेपाल सरकार विरूद्ध प्रतिवादी कुमार थपलिया[४८]
ऐनमा जे लेखिएको छ, प्रत्येक नागरिकले त्यसको पालन गर्नुपर्छ। ऐनमा प्रयुक्त शब्द र भाषा स्पष्ट छन् भने तिनको अन्यथा ब्याख्या गर्ने ठाउँ रहँदैन। कुनै व्यक्तिले आफ्नो सुबिधाअनुसार कानूनको भाषा र मनसाय विपरीत प्रयोग गर्न हुँदैन। अदालतले पनि कानूनका स्पष्ट शब्द र भाषालाई सोही अनुरूप समान ढंगबाट प्रयोग गर्नुपर्छ। त्यस्तोमा औचित्य र आवश्यकतानुसार एउटै शब्दको अलग अलग ढंगबाट वा असमान प्रयोग हुने गरी भिन्नाभिन्नै अर्थ र ब्याख्या गर्न नहुने।

बिहावारीको महलको ९ नं. ले स्वास्नी मानिसले अंश मुद्दा दायर गर्दैमा लोग्नेले अर्को विवाह गर्न पाउने छुट दिएको छैन। "अंश लिई भिन्न बसेको" भन्नु "मानो छुट्टिएको" वा अदालतमा अंश मुद्दा परेको भनी कदापि हुन सक्दैन। यदि अंश मुद्दा परेको छ भने अंश पाउने ठहरी भएको फैसला कार्यान्वयन भएर अंश छुट्याई सकेपछि मात्र त्यस्ती स्वास्नीले "अंश लिई भिन्न बसेको" भन्न र मान्न सकिन्छ। त्यो भन्दा अगावै अर्को पक्ष अर्थात लोग्नेको सुविधा र पारिवारिक वा अन्य आवश्यकतालाई औचित्यको मापदण्ड बनाएर "अंशमा नालिश परेको" वा "अलग बसेको" वा "मानो छुट्टिएर अलग बसेको" अवस्थालाई अंश लिई भिन्न बसेको भनेर मान्न वा बिहावारीको ९ नं. को विस्तारित ब्याख्या गर्न नमिल्ने।

घरमा जेठी श्रीमती हुँदाहुँदै दोश्रो विवाह गरी बिहावारीको ९ नं. को कसुर गरेको भनी अंश मुद्दा दायर गरेकोलाई भिन्न बसेको भनी ब्याख्या गरी सुरू जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई सफाइ दिएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने।

[४८] ने.का.प. २०६४ निर्णय नं. ७८८४

(घ) नेपाल सरकार वि. लक्ष्मीसुन्दर सुवाल भएको बहुविवाह मुद्दा [४९]

**श्रीमतीले अंश लिई भिन्न वसेको अवस्थामा लोग्नेले अर्को विवाह गर्न पाउने भए पनि अंश लिई छुट्टि भिन्न हुनु अघि नै अर्को विवाह गर्न पाउने छुट कानूनले प्रदान गरेको छैन्। अर्को विवाह गरिसकेपछि अंश मुद्दा दिएको वा अंश प्राप्त गरेको कारणले पहिलो श्रीमती छुट्टि भिन्न नहुँदै अर्को विवाह गर्नेले बहुविवाहको कसुरबाट उन्मुक्ति पाउन नसक्ने।**

प्रस्तुत मुद्दाहरूमा दोस्रो विवाह गर्न पाउने अवस्थाभन्दा बाहिर गएर कसुर गरिसकेपछि उन्मुक्ति दिन कानूनले नमिल्ने तथा जाहेरीको विपरीत जाहेरवालीबाट परेको निवेदन कुनै पनि मूल्यको प्रमाण नभएको हुँदा यस आधारमा बहुविवाहको कसुरबाट प्रतिवादीले उन्मुक्ति नपाउने र अंश लिई छुट्टै बस्नुअघि अर्को विवाह गरे बहुविवाहको कसुर हुने भनी सर्वोच्च अदालतले ब्याख्या गरेको छ।

**४. बहुविवाहको कसुर भएको कुरा स्थापित भएपछि सो विवाह गरेर ल्याएकी महिलाले अर्को बिवाह गरी गैसकेको भन्ने आधारमा बहुविवाहको कसुरबाट उन्मुक्ति दिन नमिल्नेः** पुनरावेदक वादी पार्वती शाही (ठकुरी) को जाहेरीले नेपाल सरकार वि. बिष्णु शाही (ठकुरी)[५०]

तोकिएको खास अवस्थामा वाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित हुँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध बिच्छेद नहुदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्काको स्वास्नी राख्न नहुने मुलुकी ऐन विहावारीको ९ नं. मा व्यवस्था भएबमोजिम जेठी श्रीमतीको अशक्तता भएको भन्ने समेतका कुनै आधार कारण उल्लेख गरी प्रतिरक्षा नगरेको र भिनाजुसँग वहुविवाह गरेकोले अज्ञानमा वा झुक्यानमा परेर विवाह गरेको नदेखिने।

प्रस्तुत मुद्दामा बहुविवाहको कसुर भएको कुरा स्थापित भएपछि सो विवाह गरेर ल्याएकी महिलाले अर्को बिवाह गरी गैसकेको भन्ने आधारमा बहुविवाहको कसुरबाट उन्मुक्ति दिन नमिल्ने। दोश्रो श्रीमती भै आउने प्रतिवादीले प्रतिवादी श्रीमानको अर्की श्रीमती भएको भन्ने जानकारी भएर नै विवाह गरेको हुन सक्ने विश्वास गर्न सकिने ठोस आधार विद्यमान भएको अवस्थामा दुबैजना प्रतिवादीहरूले कसुर गरेको ठहर गरी फैसला भएको छ।

---

[४९] ने.का.प. २०७२, जेष्ठ, नि.नं. ९३४१

[५०] ने.का.प.२०७२ अंक २ नि. नं. ९३४१

## ५. कुनै पुरूष बिवाहित हो भन्ने कुरा थाहा नभई विवाह गरेको अवस्थामा त्यस्तो महिला प्रतिवादीलाई सजाय नहुनेः

### (क) नेपाल सरकार वि. शिवप्रसाद पाण्डेय[५१]

प्रतिवादी पवित्रा नेपाल र अर्का प्रतिवादी कृष्णप्रसाद एकै ठाउँमा बस्ने नभई निजहरूको घर फरक फरक जिल्लामा रहेको देखिन्छ। यस बाहेक यी पवित्रा नेपाललाई निज कृष्णप्रसादले भगाएर नभई मागेर विवाह गरेको भन्ने मिसिल अध्ययन गर्दा देखिएको छ। मागेर विवाह गर्दा सामान्यतः केटी पक्षका अभिभावकहरूलाई विवाहबारे जानकारी हुने र त्यस्तो विवाहमा अभिभावकको सहमति हुन्छ भन्ने अनुमान गर्नुपर्ने हुन्छ। सामान्यतया विवाहित लोग्ने मानिससँग कन्या केटीको विवाह गरिदिन केटी पक्षका अभिभावकले अनुमति देलान् भन्ने अनुमान गर्न सकिन्न। मिसिलबाट विवाहित कृष्णप्रसादसँग यी प्रतिवादी पवित्रा नेपालले विवाह गर्नुपर्ने बाध्यता सिर्जना भएको अन्य कारण खुल्न आएको पनि छैन। यस्तो अवस्थामा निज प्रतिवादी पवित्राले प्रतिवादी कृष्णप्रसादको अर्की श्रीमती भएको भन्ने जानकारी भएर नै विवाह गरेको हुनसक्ने विश्वास गर्न सकिने ठोस आधार विद्यमान भएको नदेखिंदा प्रतिवादी पबित्रा नेपालले अभियोग मागदाबीबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६७।१०।६ को फैसला मनासिब नै देखिएकोले सदर हुने।

(ख) पुनरावेदक वादी निर्मला बस्नेतको जाहेरीले नेपाल सरकार वि. योगिता भन्ने योगमाया चिमरिया बस्नेत[५२]

अन्जानवश सौता भई पीडित हुन पुगेको अवस्थामा सबुद प्रमाणको अभावमा कसुरदार कायम गरी सजाय गर्नुबाट झन् पीडा थपिने कार्य हुन जान्छ। तसर्थ, अन्जानमा सौता हुन जाने महिलालाई उसको हुने पतिको पहिले नै विवाह भई अर्को श्रीमती भएको भन्ने तथ्यको जानकारी उसलाई थियो भन्ने स्पष्ट प्रमाणको अभावमा कसुरदार ठहर गरी सजाय गर्न नमिल्ने।

[५१] संवतत् २०७१ साल असार २४ गते सर्वोच्च अदालत बुलेटिन वर्ष २३ अंक १४ २०७१ कार्तिक २, पूर्णांक ५३६ (०६९-CR-९०८)

[५२] ने.का.प २०६१ अंक ३ नि.नं. ७३५५

यी दुवै मुद्दामा कुनै पुरूष बिवाहित हो भन्ने कुरा थाहा नभई निजसँग विवाह गरेको अवस्थामा त्यस्तो महिला प्रतिवादीलाई सजाय नहुने भनी ब्याख्या भएको छ।

**(६) अनुसन्धानको क्रममा व्यक्त भावनालाई पुष्टि गर्ने अन्य कुनै प्रमाण पेश गर्न नसकेको अवस्थामा अदालतमा ईन्कार रहेका प्रतिवादीलाई कसुर ठहर गर्न नमिल्नेः** नेपाल सरकार वि. हनुमान चौधरीसमेत[५३] भएको मुद्दामा संवत् २०६७ साल कात्तिक १८ गते दाम्पत्य सम्बन्ध कायम रहेकै प्रमाणले यी प्रतिवादी उपरको बहुविवाहको अभियोग पुष्टि गर्न सक्ने अवस्था देखिन आउँदैन। प्रतिवादी हनुमान चौधरीले अनुसन्धानको क्रममा स्वीकार गरेको अभियोग दावीलाई निजको विरूद्ध प्रमाणमा लिन मिल्छ, मिल्दैन भन्ने सम्बन्धमा विचार गर्दा निज अदालतमा इन्कार रहेको र अभियोजन पक्षले निजको अनुसन्धानको क्रममा व्यक्त भावनालाई पुष्टि गर्ने अन्य कुनै प्रमाण पेश गर्न नसकेको अवस्थामा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई निजको विरूद्ध प्रमाणमा ग्रहण गर्नु कानूनसंगत नहुने भनी उल्लेख भएको छ।

**प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा व्यक्त भावनालाई पुष्टि गर्ने अन्य कुनै प्रमाण पेश गर्न नसकेको अवस्थामा अदालतमा ईन्कार रहेका प्रतिवादीलाई कसुर ठहर गर्न नमिल्ने भनी ब्याख्या भएको छ।**

**(७) बहुविवाह मुद्दा** बहुविवाहलाई नैतिक पतन देखिने फौजदारी कसुरको कोटीमा कानूनले राखेको नदेखिनेः **नवराज थापा विरूद्ध प्रहरी प्रधान कार्यालय नक्साल[५४] समेत भएको बहुविवाह मुद्दामा** बहुविवाहको कसुर ठहर भएकोमा प्रहरी सेवामा कार्यरत रहन अयोग्य भएको भन्ने आधारमा सेवाबाट बर्खास्त गरिएको निर्णय उपर दायर भएको रिटमा सम्मानित सर्वोच्च अदालतले बहुविवाहलाई नैतिक पतन देखिने फौजदारी कसुरको कोटीमा कानूनले राखेको नदेखिँदा बहुविवाहलाई नैतिक पतन देखिने फौजदारी कसुर हो भनी मान्न नमिल्ने भनी उल्लेख भएको छ।

---

[५३] सर्वोच्च अदालत बुलेटिन वर्ष १९ अंक १९, २०६७ माघ १ पूर्णांक ४४५ (०६४-CR-६८२)

[५४] संवत् २०७१ साल असार २४ गते सर्वोच्च अदालत बुलेटिन वर्ष २३ अंक १४ २०७१ कार्तिक २, पूर्णांक ५३६ (०६९-CR-९०८)

[५५] ने.का.प.२०७६ अंक ७ नि.न. १०३१३

## (८) बहुविवाह मुद्दाको हदम्याद सम्बन्धमा

(क) मञ्जु भट्टराईको जाहेरीले श्री ५ को सरकार वि.गोपाल भट्टराई [५५]

नेपाल सरकारको कुनै निकायमा विवाहदर्ता भएको कारणले पहिलो स्वास्नी छदै अर्को विवाह गरेको थाहा भएको भनी अनुमान गर्न मिल्ने देखिँदैन। विवाह दर्ताको कारणले प्रतिवादीहरूबिच विवाह भएको तथ्यसम्म नेपाल सरकारलाई थाहा भएको मान्नुपर्ने र जाहेरवालीलाई विवाह दर्ता गराएको जानकारी सोही अवस्थामा हुनुपर्ने कारणसमेत देखिन आउँदैन। अर्को महिलासँग कानून विपरीत विवाह भएको भन्ने जानकारी भएपछि मात्र जाहेरी पर्नु स्वभाविक भएकोले जिल्ला र पुनरावेदनले हदम्यादका कारण खारेज गरेको नमिलेकोले बदर हुने भन्ने निर्णय भएको छ। **यस मुद्दामा विवाह दर्ताको मितिले हदम्याद कायम नहुने भनी ब्याख्या भएको छ।**

(ख) रत्ना गुरूङ्गसमेत वि. निर्मला आलेको जाहेरीले श्री ५ को सरकार[५६]

मुलुकी ऐन विहावारीको महलको ११ नं. मा भएको व्यवस्थावाट थाहा पाएको मितिवाट हदम्याद सुरू हुने र मुद्दा चलाउने सम्वन्धित निकायले थाहा पाएको मितिलाई नै थाहा पाएको मिति कायम हुन आउने भनी मिति २०५६।८।१७ मा सिद्धान्त प्रतिपादन भइरहेको स्थितिमा हदम्यादको कारण देखाई अभियोगपत्र खारेज गर्ने गरेको फैसला उल्टी हुन्छ। जो जे वुझ्नुपर्ने हो वुझि पुनःइन्साफ गर्नु भनी मिसिल सुरू अदालतमा पठाइदिने।

(ग) नेपाल सरकार वि.छत्रबहादुर भण्डारीसमेत भएको बहुविवाह मुद्दाः[५७] लोग्ने र सौतासँगै वसी निजहरूको वैवाहिक सम्बन्धलाई स्वीकार गर्ने र आफ्ना विरूद्धको अपराध स्वीकार गर्ने यी जाहेरवालीले तत्काल कही कतै उजुर वाजुर नगरी लामो अन्तरालपश्चात् आफूलाई मन लागेको वखत उजुर गर्न पाउने भन्न मिल्दैन। यस्तो स्थितिमा हदम्यादसम्बन्धी कानूनको उद्देश्य र आवश्यकता तर्फ विचार गर्नु पनि जरूरी देखिने।

---

[५६] ने.का.प.२०६० अंक ३-४ पृष्ट २५३ नि.न.७१९७

[५७] ने.का.प. २०७४, भदौ, नि. नं. ९८१०, पृ. ८६३

**(घ) नेपाल सरकार वि. महेश महरा भएको बहुविवाह मुद्दा** [५८] भएको बहुविवाह मुद्दामा मुद्दा चलाउने अधिकार पाएको वा हकदैया रहेको व्यक्ति वा निकायले थाहा पाएको मितिबाट हदम्यादको गणना गर्नुपर्ने/बहुविवाह मुद्दामा जेठी पत्नीले थाहा पाएको मितिवाट हदम्याद कायम हुन्छ भन्नु मनासिव नदेखिने।

(ङ) पुनरावेदक प्रतिवादी दीपक पाण्डसमेत वि. वादीः सरस्वती पाण्डे (अधिकारी) को जाहेरीले श्री ५ को सरकार[५९]

सरकारवादी हुने मुद्दाहरूमा थाहा पाएको मितिवाट ऐनको हदम्याद सुरू हुने अवस्थामा वारदातका सम्वन्धमा वादीले कहिले थाहा पायो? सो नै हेर्नुपर्ने हुन्छ। अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारवाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने। कानूनले फौजदारी मुद्दाको रूपमा लिएको बहुविवाहसम्वन्धी कसुरको अनुसन्धान कारवाही गरी मुद्दा चलाउन सक्ने गरी कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले वारदातको बारेमा जानकारी पाएपछि कानूनबमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन नसक्ने भन्न नमिल्ने। जाहेरवालीले गरिदिएको मिति २०५३।२।१४ को वण्डापत्रको लिखतवाट प्रतिवादीहरूका बिच २०५२।८।१६ मा विवाह भएको व्यहोरा निजलाई पहिले नै थाहा भएको भन्ने मात्र आधारले प्रस्तुत मुद्दामा मुलुकी ऐन, विहावारीको महलको ११ नं. मा व्यवस्थित हदम्याद नघाई अभियोगपत्र दायर भएको मान्न नमिल्ने।

(च) नेपाल सरकार वि. राजु गुरूङ्गसमेत[६०] भएको बहुविवाह मुद्दामा जहिले पनि नालिस गर्न पाउने भन्ने हुन सक्दैन। कानूनले हदम्याद तोक्नुको उद्देश्य समाजमा शान्ति र व्यवस्था कायम गर्नका लागि नै हो। यसले न्यायिक अनिश्चितता अन्त्य गर्दै आफ्नो हक अधिकार प्राप्त गर्नका लागि जागरूक बनाउने गर्दछ। बहुविवाह मुद्दामा पनि हदम्याद सम्बन्धमा

---

[५८] ने.का.प. २०७६, वैशाख, नि.नं. १०१७८

[५९] ने.का.प.२०६३ अङ्क ५ निर्णय नं. ७६९४

[६०] सर्वोच्च अदालत बुलेटिन, २०७१ वर्ष २३ अंक २१ फागुन १, पूर्णांक ५४३ पृ. २९ (०६५- CR ५४५)

व्यवस्था गर्नुको उद्देश्य जहिलेसुकै मुद्दा दायर गर्न सकिने अर्थ गर्न नमिल्ने भनी ब्याख्या भएको पाइन्छ।

(छ) पुनरावेदक प्रतिवादी कमलमोहन चापागाईसमेत वि. देव चापागाईको जाहेरीले नेपाल सरकार[६१] यस बहुविवाह मुद्दामा माथि उल्लिखितभन्दा फरक कोणबाट ब्याख्या भएको पाइन्छ। जसमा "बहुविवाह मुद्दा गर्नका लागि कानूनले सीमित समयावधिको हदम्याद निर्धारित गरेको छ। बहुविवाह मुद्दा दायर गर्ने खुल्ला वा असीमित हदम्याद वा जहिले पनि दायर गर्न सकिने भन्ने ऐनले व्यवस्था नगरेकोले सीमित हदम्यादभित्रै बहुविवाह मुद्दा दायर गर्नुपर्ने ऐनको व्यवस्था र उद्देश्य स्पष्ट छ। यसलाई एक वा अर्को तर्क वा कारणको आधारमा असीमित वा खुल्ला हदम्यादको रूपमा परिणत वा परिभाषित गर्न नमिल्ने। वैवाहिक सम्बन्धलाई समाजले मान्यता प्रदान गरिसकेको, छोराछोरी जन्मिसकेको, तिनीहरूको जन्मदर्ता पनि गरिसकेको अवस्थामा पनि पहिलो पत्नी वा अनुसन्धान र मुद्दा गर्ने सरकारी निकायले थाहा नपाउनु भनेको सीमित हदम्यादसम्बन्धी कानूनी व्यवस्थाको बेवास्ता वा उपेक्षा हुन जाने। बहुविवाहमा जहिले पनि नालिस लाग्छ भनी सोच्नु वा अर्थ गर्नु भनेको बिहावारी ऐनको हदम्यादसम्बन्धी कानूनी व्यवस्था र यसको उद्देश्यलाई र विधायिकाको मनसायलाई पनि पराजित गर्नु हो। जहिलेसुकै पनि अभियोग दावी गर्न सकिने भए बिहावारीको ११ नं. मा तीन महिने हदम्यादको सीमा नै उल्लेख गर्नुपर्ने अवस्था नआउने" ब्याख्या भएको छ।

त्यसैगरी यस मुद्दामा नजिरको पालना र प्रयोग गर्ने बिषयमा सतर्कता अपनाउनु पर्ने कुरामा पनि जोड दिइएको छ। जसमा भनिएको छ - "नजिरको पालना र प्रयोग न्यायिक निरन्तरता, निश्चितता र न्यायिक अनुशासन कायम राख्नका लागि आवश्यक हुन्छ। तर यसमा सतर्कता अपनाउनु पनि उत्तिकै आवश्यक हुन्छ। समान तथ्य भएको कुनै विवादको विषयमा कायम भएको कानूनी सिद्धान्त त्यस्तै तथ्य भएको अर्को बिवादको विषयमा लागु हुन्छ। फरक तथ्य र फरक परिस्थितिको मुद्दामा कायम भएको नजिर विषयको समानता वा पछिल्लो मुद्दाको नामाकरणमा समानताको आधारमा मात्र पहिलाभन्दा विल्कुलै फरक तथ्य

---

[६१] ने. का.प. २०६८ अंक ११, नि.नं. ८७१६

भएको मुद्दाको निर्णय गर्दा प्रयोग गर्न वा लागु गर्न मिल्ने होइन। यसकारण नजिरको पालना र प्रयोगमा पनि न्यायिक विवेकको प्रयोग गर्दै सतर्कता अपनाउनु पर्दछ।"

उल्लिखित मुद्दामा मुलुकी ऐन विहावारी को ११ नं.मा भएको व्यवस्थावाट थाहा पाएको मितिले हदम्याद सुरू हुने र मुद्दा चलाउने सम्वन्धित निकायले थाहा पाएको मिति नै थाहा पाएको मिति कायम हुने भनी ब्याख्या भएको छ। मुलुकी अपराध संहिता, २०७४ मा रहेको बहुविवाह मुद्दामा हदम्यादसम्बन्धी बिषयमा पनि यो ब्याख्या उत्तिकै सान्दर्भिक र समसामयिक रहेको छ।

# परिच्छेद-पाँच

## ५.तथ्यांक/विवरणको विश्लेषण

## ५.१ मुलुकी अपराध संहिता, २०७४ लागु हुनुभन्दा ठिक चार आर्थिक वर्ष पहिले र सो संहिता लागु भएपछिको चार आर्थिक वर्षमा जिल्ला अदालतमा दायर भएका बहुविवाह मुद्दा र अदालतबाट भएको निर्णयको तुलनात्मक अध्ययन

जिल्ला सरकारी वकिल कार्यालयबाट मुलुकी अपराध संहिता लागु हुनुभन्दा अघिका चार आर्थिक वर्षमा जिल्ला अदालतमा दायर भएका बहुविवाह मुद्दा र अदालतबाट भएको निर्णयको विवरण[६२]

| आर्थिक वर्ष | दर्ता मुद्दा संख्या | जम्मा लगत | कसुर कायम | सफाइ | मुद्दा फिर्ता, मुल्तबी, अन्य | जम्मा फछ्यौट | बाँकी मुद्दा संख्या | कसुर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २०७४/०७५ | ५८६ | ९४४ | ३५५ | १६७ | ७ | ५२५ | ४१९ | ६७.६१ |
| २०७३/०७४ | ४९८ | ७६३ | २७२ | १३२ | ७ | ४११ | ३५२ | ६६.१८ |
| २०७२/०७३ | ४६४ | ७४४ | ३२४ | १५१ | ६ | ४८१ | २६३ | ६७.३५ |
| २०७१/०७२ | ५११ | ८१८ | ३४० | १८९ | २ | ५३१ | २८७ | ६४.०३ |
| चार वर्षको औसत | ५१४.७ | ८१७.२ | ३२२.७ | १५९.७ | ५.५ | ४८७ | ३३२.७ | ६६.२ |

[६२] महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०७१/०७२ देखि २०७४/०७५ सम्म का प्रतिबेदनहरू

### ५.१.१ जिल्ला सरकारी वकिल कार्यालयबाट मुलुकी अपराध संहिता लागु भएपछिका चार आर्थिक वर्षमा जिल्ला अदालतमा दायर भएका बहुविवाह मुद्दा र अदालतबाट भएको निर्णयको विवरण[६३]

| आर्थिक वर्ष | दर्ता मुद्दा संख्या | जम्मा लगत | कसुर कायम | सफाइ | मुद्दा फिर्ता, मुल्तबी, अन्य | जम्मा फछ्र्यौट | बाँकी मुद्दा संख्या | कसुर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २०७८/०७९ | ८१२ | १७५८ | ४६३ | ३७४ | ६० | ८९७ | ८६१ | ५१.६१ |
| २०७७/०७८ | ८४६ | १६२८ | ३१२ | ३३५ | ३६ | ६८३ | ९४५ | ४५.६८ |
| २०७६/०७७ | ७८५ | १४२६ | ३४७ | २५४ | ३९ | ६४० | ७८६ | ५४.२१ |
| २०७५/०७६ | ९५७ | १३४६ | ३६९ | ३०२ | ९ | ६८० | ६६६ | ५४.२६ |
| चार वर्षको औसत | ८५० | १५४० | ३७३ | ३१६ | ३६ | ७२५ | ८१५ | ५१.४४ |




---

[६३] महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०७५/०७६ देखि २०७८/०७९ सम्मका प्रतिबेदनहरू

(आ. व. २०७१/०७२ देखि २०७४/०७५ सम्म) र संहिता लागु भएपछिका चार आर्थिक वर्ष (आ. व. २०७५/०७६ देखि २०७८/०७९ सम्म) मा दर्ता भएका बहुविवाह मुद्दाको औसत तथ्यांकबाट संहिता लागु भएपछिका चार आर्थिक वर्षमा दर्ता भएका नयाँ मुद्दाको संख्या उल्लेखनीय रूपमा (५१५ बाट ८५०) बृद्धि भएको देखिन्छ। ती चार वर्षमा रहेको बहुविवाह मुद्दाको औसत लगत पनि संहिता लागु भएपछिका चार वर्षमा झण्डै दोब्बरले बृद्धि भै ८१७ बाट १५४० पुगेको देखिन्छ। ती दुबै समयावधिमा कसुर कायम भएको मुद्दाको संख्या ३७३ नै रहेको देखिए पनि कसुर कायम दर भने पछिल्लो चार वर्षमा ५९ प्रतिशतबाट घटी ५१ प्रतिशत कायम भएको देखिन्छ। यसबाट कसुर कायम हुने दर भने संहिता लागु हुनुभन्दा अघिको चार वर्षको भन्दा संहिता लागु भएपछिका चार वर्षमा औसतमा ७ प्रतिशतले घटेको देखिन्छ। उक्त समयावधिमा जम्मा मुद्दा फछ्र्यौट संख्या तथा बाँकी मुद्दा संख्याको विवरण पनि संहिता लागु भएपछि तुलनात्मक रूपमा बढेको पाइएको छ। साथै मुद्दा फिर्ता, मुल्तबीमा रहेको वा अन्य बर्गमा राखिएका मुद्दाको औसत विवरण संहिता लागु भएपछि यस किसिमको मुद्दा संख्यात्मक रूपमा बढेको देखिन्छ।

## ५.२ बहुविवाहसम्बन्धी मुद्दाको फैसलाबाट प्राप्त तथ्याङ्कको विश्लेषण र व्याख्या

नेपालका ७७ वटा जिल्ला अदालतहरूमध्ये सातवटा प्रदेशको प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशमा अवस्थित जिल्ला अदालतमध्ये सबैभन्दा बढी बहुविवाहका मुद्दा संख्या भएका जिल्ला अदालतहरू मोरङ, सिराहा, काठमाडौं, कास्की, बाँके, सुर्खेत र कैलालीबाट आर्थिक वर्ष २०७७/०७८ मा बहुविवाहसम्बन्धी मुद्दामा फैसला भएका जम्मा मुद्दा संख्याको १० प्रतिशतले हुन आउने ५३ वटा फैसलाहरूको अध्ययनबाट प्राप्त भएका विवरणहरूलाई निम्नानुसार पाई चार्ट र तालिकाहरूमा राखी विश्लेषण र व्याख्या गर्दा देहायअनुसारको अवस्था रहेको पाइन्छ।

### ५.२.१ बहुविवाह मुद्दामा प्रतिवादीको रूपमा रहेका पुरूष पक्राउ परे/नपरेको अवस्थाः

सामान्यतया बहुविवाह मुद्दामा प्रतिवादीको रूपमा बहुविवाह गर्ने पुरूष र महिला गरी दुई जना प्रतिवादी हुने गर्दछन्। अनुसन्धानको क्रममा प्रतिवादीको रूपमा रहेको पुरूष प्रतिवादी पक्राउ गरेको अवस्था देहायबमोजिम रहेको देखिएको छ।

**तालिका नं. १**

| पुरूष प्रतिवादी पक्राउ परे/नपरेको | | |
|---|---|---|
| पक्राउको अवस्था | संख्या | प्रतिशत |
| पक्राउ परेको | ४४ | ८३.०२ |
| पक्राउ नपरेको | ९ | १६.९८ |
| जम्मा | ५३ | १००.०० |




उल्लिखित तथ्यांकबाट धेरैजसो मुद्दामा पुरूष प्रतिवादी पक्राउ परेको पाइयो। बहुविवाहसम्बन्धी मुद्दाको अनुसन्धानको क्रममा पुरूष प्रतिवादी पक्राउ परे नपरेको हेर्दा ८३.०२% मुद्दामा अर्थात ४४ वटा मुद्दामा पक्राउ परेको पाइयो, १६.९८% मुद्दामा अर्थात् ९ वटा मुद्दामा पक्राउ नपरेको पाइयो।

### ५.२.२ महिला प्रतिवादी पक्राउ परे/नपरेको अवस्था

**तालिका नं. २**

| महिला प्रतिवादी पक्राउ परे/नपरेको | | |
|---|---|---|
| पक्राउको अवस्था | संख्या | प्रतिशत |
| पक्राउ परेको | ३८ | ७१.७० |
| पक्राउ नपरेको | १५ | २८.३० |
| जम्मा | ५३ | १०० |




महिला प्रतिवादी पक्राउ परे नपरेको अवस्था हेर्दा ७१.७०% अर्थात् ३८ जना पक्राउ परेको र २८.३०% अर्थात् १५ जना पक्राउ नपरेको पाइयो।

### ५.२.३ पुरूष प्रतिवादीको मौकाको बयानको अवस्था

**तालिका नं. ३**

| पुरूष प्रतिवादीको मौकाको बयान | | |
|---|---|---|
| मौकाको बयान | संख्या | प्रतिशत |
| साविती | २८ | ६३.६४ |
| इन्कारी | १६ | ३६.३६ |
| जम्मा | ४४ | १०० |




पुरूष प्रतिवादीको मौकाको बयानलाई हेर्दा ६३.६४ प्रतिशत अर्थात् २८ जनाले साबिती भएर बयान दिएको र ३६.३६ प्रतिशत अर्थात् १६ जनाले इन्कारी बयान गरेको देखिन्छ। जम्मा

प्रतिवादीमध्ये ९ जना पुरूष प्रतिवादी मौकामा फरार रहेका हुँदा निजहरूको अनुसन्धानको क्रममा बयान हुन सकेको देखिँदैन।

### ५.२.४ महिला प्रतिवादीको मौकाको बयानको अवस्था

**तालिका नं. ४**

| महिला प्रतिवादीको मौकाको बयान | | |
|---|---|---|
| मौकाको बयान | संख्या | प्रतिशत |
| साविती | १८ | ४७.३७ |
| इन्कारी | २० | ५२.६३ |
| जम्मा | ३८ | १०० |




अध्ययन गरिएका ५३ वटा बहुविवाह मुद्दाहरूको अध्ययनबाट महिला प्रतिवादीको मौकाको बयानलाई हेर्दा ३३.९६ प्रतिशत अर्थात् १८ जनाले साविति बयान दिएको देखियो। साथै ३७.७४ प्रतिशत अर्थात् २० जनाले इन्कारी बयान गरेको पाइन्छ। १५ जना महिला प्रतिवादी मौकामा फरार रहेका हुँदा निजहरूको अनुसन्धानको क्रममा  बयान हुन सकेको देखिँदैन।

### ५.२.५ पुरूष प्रतिवादीको अदालतमा भएको बयानको अवस्था

**तालिका नं. ५**

| पुरूष प्रतिवादीको अदालतमा भएको बयान | | |
|---|---|---|
| अदालती बयान | संख्या | प्रतिशत |
| साविती | १० | १९.६० |
| इन्कारी | ४१ | ८०.३९ |
| जम्मा | ५१ | १०० |




पुरूष प्रतिवादीको अदालतको बयान हेर्दा धेरैजसो इन्कारी बयान गरेको पाइयो। जसमा ८०.३९ प्रतिशत अर्थात् ४१ वटा मुद्दाका ४१ जना पुरूष प्रतिवादीले इन्कारी बयान गरेको पाइयो। १९.६० प्रतिशत अर्थात् १० वटा मुद्दाका १० जना पुरूष प्रतिवादीले अदालतमा समेत साबिती बयान गरेको देखिन्छ। फरार रहेका ९ वटा मुद्दाका ९ जनामध्ये ७ जना प्रतिवादी अदालतमा उपस्थित भै बयान गरेका र अझ पनि २ वटा मुद्दाका २ जना प्रतिवादी अदालतमा उपस्थित भएको देखिँदैन।

### ५.२.६ महिला प्रतिवादीको अदालतको बयानको अवस्था

**तालिका नं. ६**

| महिला प्रतिवादीले अदालतमा गरेको बयान | | |
|---|---|---|
| अदालती बयान | संख्या | प्रतिशत |
| साविती | ७ | १५.२१ |
| इन्कारी | ३९ | ८४.७८ |
| जम्मा | ४६ | १०० |




पुरूष प्रतिवादीको अदालतको बयानको तुलनामा महिला प्रतिवादीको इन्कारी बयान धेरै पाइएको छ। ८४.७८ प्रतिशत मुद्दाका महिला प्रतिवादी अर्थात् ३९ जनाले इन्कारी बयान दिएको पाइयो भने १५.२१ प्रतिशत अर्थात् ७ जनाले इन्कारी बयान दिएको पाइन्छ। फरार रहेका १५ वटा मुद्दाका १५ जना महिला प्रतिवादीमध्ये ८ जना प्रतिवादी अदालतमा उपस्थित भै बयान गरेका र अझ पनि  ७ वटा मुद्दाका ७ जना महिला प्रतिवादी अदालतमा उपस्थित नभएका हुँदा निजहरूको अदालतमा बयान हुन सकेको देखिएन।

### ५.२.७ पुरूष प्रतिवादीको हकमा भएको थुनछेक आदेशको अवस्था

**तालिका नं. ७**

| पुरूष प्रतिवादीको हकमा भएको थुनछेक आदेशको अवस्था | | |
|---|---|---|
| थुनछेक आदेश | संख्या | प्रतिशत |
| साधारण तारेखमा राख्ने | ० | ०.०० |
| धरौट वा बैंक जमानतमा छाड्ने | ३४ | ६६. ६७ |
| थुनामा राख्ने | १७ | ३३.३३ |
| जम्मा | ५१ | १००.०० |




बहुविवाह मुद्दाको पुरूष प्रतिवादीको थुनछेकको अवस्था हेर्दा ६६. ६७ प्रतिशत मुद्दामा अर्थात् ३४ वटा मुद्दामा धरौटमा छोडेको, ३२.०८% अर्थात् १७ वटा मुद्दामा थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश भएको देखिएको छ।  कुनै पनि प्रतिवादीलाई थुनछेक आदेश हुँदा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश भएको देखिएन भने २ जना प्रतिबादी फरार भएकोले थुनछेक आदेश हुन सकेको देखिँदैन। प्रतिबादीको हकमा धरौट वा बैंक जमानत रू १०,०००/- देखि रू. २,००,०००/- सम्म माग गरेको देखियो।

### ५.२.८ महिला प्रतिवादीको हकमा भएको थुनछेक आदेशको अवस्था

**तालिका नं. ८**

| महिला प्रतिवादीको हकमा भएको थुनछेक आदेशको अवस्था | | |
|---|---|---|
| थुनछेक आदेश | संख्या | प्रतिशत |
| साधारण तारेखमा राख्ने | ५ | १०.८७ |
| धरौट वा बैंक जमानतमा छाड्ने | ४१ | ८९.१३ |
| थुनामा राख्ने | ० | ०.०० |
| जम्मा | ४६ | १०० |




महिला प्रतिवादीको थुनछेकको अवस्था हेर्दा ८९.१३ प्रतिशत मुद्दामा रहेका महिला प्रतिवादीको हकमा अर्थात् ५३ मध्ये ४१ वटा मुद्दामा धरौट माग भएको देखियो। त्यस्तै १०.८७ प्रतिशत अर्थात् ५ वटा मुद्दामा साधारण तारेखमा राख्ने गरी आदेश भएको तथा कसैलाई पनि थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश भएको देखिएन। साथै २ जना प्रतिबादी फरार भएकोले थुनछेक आदेश हुन सकेको देखिँदैन। प्रतिवादीको हकमा धरौट रू.५,०००/- देखि रू.१,५०,०००/- सम्म माग गरेको देखियो।

### ५.२.९ जाहेरवाला/पीडितको बकपत्रको अवस्था

**तालिका नं. ९**

| जाहेरवालाको बकपत्रको अवस्था | | |
|---|---|---|
| बकपत्रको अवस्था | संख्या | प्रतिशत |
| जाहेरीअनुसार (अनुकुल बकपत्र) | ३२ | ६६.६७ |
| जाहेरीको प्रतिकूल | १६ | ३३.३३ |
| जम्मा | ४८ | १०० |




जाहेरवालाको बकपत्रलाई तीन वटा वर्ग अनुकूल, प्रतिकूल र जानकारी नभएको भनि राखेर हेरिएकोमा अनुकूलमा ६६.६७ प्रतिशत अर्थात् ३२ वटा मुद्दामा जाहेरवाला पीडितले जाहेरी दरखास्तलाई पुष्टि गर्ने गरी जाहेरी दरखास्त अनुकूल बकपत्र गरेको पाइयो। त्यसैगरी ३३.३३ प्रतिशत अर्थात् १६ वटा मुद्दामा जाहेरी दरखास्तको प्रतिकूल हुने गरी जाहेरवाला पीडितले बकपत्र गरेको देखिन्छ। साथै ५ वटा मुद्दामा जाहेरवाला पीडित बकपत्र गर्नको लागि अदालतमा उपस्थित भएको देखिएन।

### ५.२.१० पुरूष प्रतिवादीको हकमा कसुर कायमको अवस्था

**तालिका नं. १०**

| **पुरूष प्रतिवादीको हकमा कसुर कायमको अवस्था** | | |
|---|---|---|
| कसुर कायमको अवस्था | संख्या | प्रतिशत |
| कसुर कायम | २७ | ५०.९४ |
| सफाइ | २५ | ४७.१७ |
| मुल्तबीमा रहेको | १ | १.८९ |
| जम्मा | ५३ | १०० |




पुरूष प्रतिवादीको हकमा कसुर कायमको अवस्था हेर्दा ५०.९४ प्रतिशत अर्थात् २७ वटा मुद्दामा कसुर कायम भएको र ४७.१७ प्रतिशत अर्थात् २५ वटा मुद्दामा सफाइ पाएको देखिन्छ। साथै १.८९ प्रतिशत अर्थात् १ वटा मुद्दा मुल्तबीमा रहेको देखिन्छ।

### ५.२.११ महिला प्रतिवादीको हकमा कसुर कायमको अवस्था

तालिका नं. ११

| महिला प्रतिवादीको हकमा कसुर कायमको अवस्था | | |
|---|---|---|
| कसुर कायमको अवस्था | संख्या | प्रतिशत |
| कसुर कायम | १० | १८.८७ |
| सफाइ | ३८ | ७१.७० |
| मुल्तबीमा रहेको | ५ | ९.४३ |
| जम्मा | ५३ | १०० |



महिला प्रतिवादीको हकमा कसुर कायमको अवस्था हेर्दा १८.८७ प्रतिशत अर्थात् १० वटा मुद्दामा कसुर कायम भएको देखिन्छ। साथै ७१.७० प्रतिशत अर्थात् ३८ वटा मुद्दामा सफाइ पाएको देखिन्छ भने ९.४३ प्रतिशत अर्थात् ५ वटा मुद्दा मुल्तबीमा रहेको देखिन्छ।

### ५.२.१२ सजायपूर्वको प्रतिवेदनको अवस्था

**तालिका नं. १२**

| सजायपूर्वको प्रतिवेदन पेश गरे नगरेको अवस्था | | |
|---|---|---|
| सजायपूर्वको प्रतिवेदन | संख्या | प्रतिशत |
| पेश भएको | ५ | ९.४३ |
| पेश नभएको | १३ | २४.५३ |
| पेश भए नभएको बिषय फैसलामा नखुलेको | ३५ | ६६.०४ |
| जम्मा | ५३ | १०० |




सजायपूर्वको प्रतिवेदन पेश भए नभएको अवस्था हेर्दा ९.४३ प्रतिशत अर्थात् ५ वटा मुद्दामा सजायपूर्वको प्रतिवेदन पेश गरेको देखियो। ४.५३ प्रतिशत अर्थात् १३ वटा मुद्दामा सजायपूर्वको प्रतिवेदन पेश गर्ने आदेश भए पनि पेश नगरेको र ६६.०४ प्रतिशत अर्थात् ३५ वटा मुद्दामा सजायपूर्वको प्रतिवेदन पेश गर्ने बारेमा आदेश भए नभएको कुरा फैसलामा खुलेको देखिँदैन।

## ५.२.१३ पुरूष प्रतिवादीलाई भएको कैद र जरिवाना सजायको विवरण र अवस्था

**तालिका नं. १३**

| पुरूष प्रतिवादीलाई भएको कैद र जरिवाना सजायको विवरण र अवस्था | | |
|---|---|---|
| सजाय | संख्या | प्रतिशत |
| १ वर्ष कैद र रू. १०,०००/- जरिवाना | १८ | ६६.६७ |
| १ देखि १.५ वर्ष कैद र रू. १०,०००/- देखि रू. १५,०००/- सम्म जरिवाना | ७ | २५.९३ |
| १.५ वर्षभन्दा बढी कैद र रू. १५,०००/- भन्दा बढी जरिवाना भएको | २ | ७.४१ |
| जम्मा | २७ | १०० |




कसुर ठहर भएका २७ थान मुद्दामा रहेका २७ जना पुरूष प्रतिवादीलाई भएको कैद र जरिवाना सजायको विवरण अध्ययन गरी हेर्दा १ वर्ष कैद र रू. १०,०००/- जरिवाना भएको प्रतिवादीको प्रतिशत ६६.६७ रहेको अर्थात् १८ वटा मुद्दामा न्यूनतम सजाय भएको देखियो। १ देखि १.५ वर्षसम्म कैद र रू. १०,०००/- देखि रू. १५,०००/- सम्म जरिवाना भएको प्रतिवादीको प्रतिशत २५.९३ अर्थात् ७ वटा मुद्दामा यस किसिमको अवस्था रहेको देखिन्छ। साथै १.५ वर्षभन्दा बढी कैद र रू. १५,०००/- भन्दा बढी जरिवाना ७.४१ प्रतिशत मुद्दामा अर्थात् २ वटा मुद्दामा भएको देखियो।

## ५.२.१४ महिला प्रतिवादीलाई भएको कैद र जरिवाना सजायको विवरण र अवस्था

**तालिका नं. १४**

| पुरूष प्रतिवादीलाई भएको कैद र जरिवाना सजायको विवरण र अवस्था | | |
|---|---|---|
| कसुर कायमको अवस्था | संख्या | प्रतिशत |
| १ वर्ष कैद र रू. १०,०००/- जरिवाना | ९ | ९०.०० |
| १ देखि १.५ वर्ष कैद र रू. १०,०००/- देखि रू. १५,०००/- सम्म जरिवाना | ० | ०.०० |
| १.५ वर्षभन्दा बढी कैद र रू. १५,०००/- भन्दा बढी जरिवाना भएको | १ | १०.०० |
| जम्मा | १० | १०० |




महिला प्रतिवादीलाई  कसुर ठहर भएका १० थान मुद्दामा निज प्रतिवादीलाई भएको कैद र जरिवाना सजायको विवरणको अध्ययन गरी हेर्दा १ वर्ष कैद र रू. १००००/- जरिवाना भएको मुद्दा ९०% अर्थात् ९ वटा मुद्दामा भएको देखियो। १ देखि १.५ वर्ष कैद र रू. १०,०००/- देखि रू. १५,०००/- सम्म जरिवाना भएको कुनै पनि मुद्दा देखिएन। तर १.५ वर्षभन्दा बढी कैद र रू. १५०००/- भन्दा बढी जरिवाना भएको मुद्दा १०% अर्थात् १ वटा मुद्दामा मात्र भएको देखियो।

### ५.२.१५ फैसला हुन लागेको समय

फैसला हुन लागेको समयको बिषयमा अध्ययन गर्दा अध्ययन गरिएका ५३ थान मुद्दाको फैसलामा उल्लेख भएको मुद्दा दर्ता मिति र फैसला भएको मितिलाई आधार मानेर हेर्दा यस किसिमका मुद्दा छिट्टोमा १ महिनामा र बढीमा ३७ महिनासम्म लागेको देखियो भने औसतमा मुद्दा फैसला हुन १३ महिना लागेको देखियो।

# परिच्छेद-छ
# अध्ययनको प्राप्ति, निष्कर्ष र सुझाव

## ६.१ अध्ययनको प्राप्ति

### क. जिल्ला अदालतहरूबाट भएका बहुविवाह मुद्दाको फैसलाबाट देखिएको तथ्यगत विवरण

बहुविवाहसम्बन्धी बिद्यमान कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्थाको बारेमा अध्ययन गर्नका लागि नेपालको ७७ वटा जिल्ला अदालतहरूमध्ये सात वटा प्रदेशको प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशमा अवस्थित जिल्ला अदालतमध्ये सबैभन्दा बढी बहुविवाह मुद्दाको लगत संख्या भएका जिल्ला अदालतहरू मोरङ्ग, सिराहा, काठमाडौं, कास्की, बाँके, सुर्खेत र कैलालीबाट आर्थिक वर्ष २०७७/०७८ मा फैसला भएका बहुविवाहसम्बन्धी ५३ थान मुद्दामा भएका फैसलालाई नमुनाको रूपमा संकलन गरी अध्ययन गरिएको थियो। सुरू अदालतका ती फैसला अध्ययन गर्दा ती फैसलामा उल्लेख भएसम्मका विवरणहरू जस्तै प्रतिवादीहरू अनुसन्धानमा पक्राउ परे नपरेको, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी समक्षको वयान र अदालतमा भएको वयान, थुनछेक आदेश, जाहेरवालाको बकपत्र भए नभएको, सजायपूर्वको प्रतिवेदन पेश भए नभएको अवस्था, कसुर कायमको अवस्था, कसुर ठहर भएकोमा तोकिएको सजायको मात्रा लगायतका विषयमा केन्द्रित भै गरिएको थियो। सुरू अदालतबाट बहुविवाह मुद्दामा भएका ५३ थान फैसलाबाट प्राप्त भएको तथ्यगत विवरण निम्नानुसार रहेको देखिन्छः

१. अनुसन्धानको क्रममा ८३ प्रतिशत पुरूष प्रतिवादी पक्राउ हुने गरेको र ७१ प्रतिशत महिला प्रतिवादीहरू पक्राउ परेको।
२. पक्राउ परेकामध्ये ६४ प्रतिशत पुरूष प्रतिवादीहरू र ४७ प्रतिशत महिला प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा कसुर गरेकोमा साबित रहि बयान गरेको देखिएको छ भने अदालतमा बयान गर्दा २० प्रतिशत पुरूष प्रतिवादी र १५ प्रतिशत महिला प्रतिवादीले कसुर गरेकोमा साबित रही बयान गरेको।

३. थुनछेकको आदेश गर्दा दुई तिहाई पुरूष प्रतिवादीलाई धरौट वा बैंक जमानत राखी मुद्दाको पुर्पक्ष गर्ने गरी र एक तिहाई पुरूष प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश भएको देखिन्छ। साथै ८९ प्रतिशत महिला प्रतिवादीलाई धरौट वा बैंक जमानत राखी मुद्दाको पुर्पक्षको गर्ने गरी र ११ प्रतिशत महिला प्रतिवादीलाई साधारण तारेखमा राखी कारबाही गर्ने गरी आदेश भएको देखिन्छ। महिला प्रतिवादी कसैलाई पनि पुर्पक्ष क्रममा थुनामा राखेर कारबाही गर्ने आदेश भएको देखिएन। पुरूष प्रतिवादीलाई भन्दा महिला प्रतिवादीलाई कम रकम धरौट वा बैंक जमानत तोकिएको।
४. ६०.३८ प्रतिशत मुद्दाका जाहेरवाला पीडितले जाहेरी दरखास्तलाई पुष्टि गर्ने गरी जाहेरी दरखास्त अनुकूल बकपत्र गरेको र ३०.१९ प्रतिशतले दरखास्तको प्रतिकूल हुने गरी अदालतमा बकपत्र गरेको देखिन्छ। साथै ९.४३ प्रतिशत मुद्दाका जाहेरवाला पीडित बकपत्र गर्नको लागि अदालतमा उपस्थित भएको देखिएन।
५. पुरूष प्रतिवादीको हकमा ५०.९४ प्रतिशत मुद्दामा कसुर कायम भएको, ४७.१७ प्रतिशत मुद्दामा सफाइ पाएको र १.८९ प्रतिशत मुद्दा मुल्तबीमा रहेको।
६. महिला प्रतिवादीको हकमा १८.८७ प्रतिशत मुद्दामा कसुर कायम भएको, ७१.७० प्रतिशत मुद्दामा सफाइ पाएको र ९.४३ प्रतिशत मुद्दा मुल्तबीमा रहेको।
७. ९.४३ प्रतिशत मुद्दामा सजायपूर्वको प्रतिवेदन पेश गरेको, ४.५३ प्रतिशत मुद्दामा सजायपूर्वको प्रतिवेदन पेश गर्ने आदेश भए पनि पेश नगरेको र ६६.०४ प्रतिशत मुद्दामा सजायपूर्वको प्रतिवेदन पेश गर्ने बारेमा आदेश भए नभएको कुरा फैसलामा नखुलेको।
८. कसुर ठहर भएका पुरूष प्रतिवादीहरूलाई सजाय निर्धारण गर्दा दुई तिहाइभन्दा बढी मुद्दामा न्यूनतम हदको कैद र जरिवाना (एक वर्ष कैद र रू. १०,०००/- जरिवाना) गरेको र करिव एक चौथाइ मुद्दाका प्रतिवादीहरूलाई सो न्यूनतम हदबाट अलिकति बढी (एक वर्ष ६ महिना कैद र रू. १५,०००/- सम्म जरिवाना) भएको तर अपवादात्मक रूपमा मात्र सो भन्दा बढी सजाय निर्धारण भएको देखिएको। सो हदको सजाय निर्धारण गर्दा सो को आधार र कारण स्पष्ट रूपमा उल्लेख भएको नदेखिएको।
९. महिला प्रतिवादीलाई कसुर ठहर भएका १० थान मुद्दामा निज प्रतिवादीलाई भएको कैद र जरिवाना सजाय तोकिएको हद हेर्दा ९० प्रतिशत मुद्दामा सबैभन्दा न्यूनतम

सजाय १ वर्ष कैद र रू. १०,०००/- जरिवाना भएको र १० प्रतिशत मुद्दामा मात्र सो न्यूनतम हदभन्दा केही बढी कैद र जरिवाना भएको।

१०. अध्ययन गरिएका फैसलाबाट बहुविवाह मुद्दामा फैसला हुन लागेको समयावधिका बारेमा प्राप्त भएको बिश्लेषणबाट यस प्रकृतिका मुद्दा फैसला हुन औसतमा १३ महिना लागेको देखियो। साथै यस किसिमका कुनै मुद्दा १ महिनामा फैसला भएको देखियो भने कुनै मुद्दा फैसला हुन ३७ महिनासम्म लागेको देखियो।

**ख. जिल्ला सरकारी वकिल कार्यालयबाट मुलुकी अपराध संहिता लागु हुनुभन्दा अघिका चार आर्थिक वर्षमा जिल्ला अदालतमा दायर गरेका बहुविवाह मुद्दाको र अदालतबाट भएको फैसलाको विवरण निम्नानुसार रहेको पाइएको छ।**

१. मुलुकी अपराध संहिता लागु हुनुभन्दा ठिक चार आर्थिक वर्षअघि (आ. व. २०७१/०७२ देखि २०७४/०७५ सम्म) र संहिता लागु भएपछिका चार आर्थिक वर्ष (आ. व. २०७५/०७६ देखि २०७८/०७९ सम्म) मा दर्ता भएका बहुविवाह मुद्दाको औसत तथ्यांकबाट संहिता लागु भएपछिका चार आर्थिक वर्षमा नयाँ मुद्दा दर्ता भएको मुद्दाको संख्या उल्लेखनीय रूपमा (५१५ बाट ८५०) बृद्धि भएको।

२. अघिल्ला चार वर्षको तुलनामा पछिल्लो चार वर्षमा जिल्ला अदालतमा रहेका बहुविवाह मुद्दाको औसत लगत झण्डै दोब्बरले बृद्धि (८१७ बाट १५४०) भएको।

३. कसुर कायम दर संहिता लागु हुनुभन्दा अघिको चार वर्षमा औसत ५९ प्रतिशत रहेकोमा संहिता लागु भएपछिका चार वर्षमा औसतमा ५१ प्रतिशत रहेको।

४. उक्त समयावधिमा जम्मा मुद्दा फछ्र्यौट संख्या तथा बाँकी मुद्दा संख्याको विवरण पनि संहिता लागु भएपछि तुलनात्मक रूपमा बढेको पाइएको छ। साथै मुद्दा फिर्ता, मुल्तबीमा रहेको वा अन्य बर्गमा राखिएका मुद्दाको औसत विवरण संहिता लागु भएपछि संख्यात्मक रूपमा बढेको देखिन्छ।

**ग. न्यायिक अभ्यास**

१. सम्मानित सर्वोच्च अदालतबाट उल्लिखित बहुविवाह मुद्दामा भएका फैसला र व्याख्याहरूबाट निम्नानुसारको न्यायिक अभ्यास रहेको पाइन्छ। यद्यपि प्रत्येक

मुद्दाको विषयवस्तु र अवस्था फरक फरक हुने हुँदा यसले निर्णयमा बिभिन्न किसिमले प्रभाव पर्न जाने अवस्थालाई भने नकार्न सकिंदैन।

२. साबिक मुलुकी ऐनमा रहेको विहावारीको महलको प्रयोगको लागि क्षेत्राधिकारको विषयमा सम्मानित सर्वोच्च अदालतबाट ब्याख्या हुँदा बिदेशमा गै बहुविवाह गर्ने नेपाली नागरिकको हकमा बहुक्षेत्रीय क्षेत्राधिकार प्रयोग हुने भनी व्याख्याबाट क्षेत्राधिकारको विषय स्थापित भएकोमा हाल सो बिषय मुलुकी अपराध संहितामा नै स्पष्ट रूपमा उल्लेख भएको देखिँदा यस बिषयमा अव दुबिधा रहने अवस्था नरहेको।

३. जाहेरवालाको बकपत्र नभए पनि आपराधिक कार्य गरेको प्रष्ट रूपमा देखिएको अवस्थामा प्रतिवादीले कसुर गरेको ठहर हुने।

४. प्रतिवादीहरूले अदालतमा समेत इन्कारी वयान गरेको अवस्थामा पनि अन्य स्वतन्त्र प्रमाणले बहुविवाह गरेको पुष्टि हुन आएको र बहुविवाह गर्ने महिला प्रतिवादी जाहेरवालाको नाता सम्बन्धको व्यक्ति भएको देखिएको र दोश्रो श्रीमती भै आउने प्रतिवादीले प्रतिवादी श्रीमानको अर्की श्रीमती भएको भन्ने जानकारी भएर नै विवाह गरेको हुन सक्ने विश्वास गर्न सकिने ठोस आधार विद्यमान भएको अवस्थामा दुबैजना प्रतिवादीहरूले कसुर गरेको ठहर हुने।

५. प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतमा कसुर गरेकोमा इन्कार रही बयान गरेको अवस्थामा जाहेरवालाले जाहेरी दरखास्त अनुरूप नै बकपत्र गरे पनि कसुर कायम हुन नसक्ने।

६. बहुविवाहको कसुरमा वारदात भए गरेको कुरा थाहा पाएको मितिले तीन महिनाको **हदम्याद सुरू हुने र** थाहा पाएको मिति भन्नाले मुद्दा चलाउने सम्बन्धित निकायले थाहा पाएको मिति नै थाहा पाएको मिति कायम हुने भनी भएको ब्याख्याबाट यस विषयमा रहेको दुबिधा हटाइ कानूनी व्यवस्थाको प्रयोगमा एकरूपता कायम गर्न मद्दत पुगेको।

७. कसुर कायम भएका सबै मुद्दामा पुरूष प्रतिवादीले कसुर गरेको ठहर भएको तर महिला प्रतिवादीलाई बहुविवाह गर्ने पुरूष प्रतिवादीको वैवाहिक स्थिति थाहा नभै निजले विवाह गरेको भन्ने निजको बयानको आधारमा अधिकांश महिला प्रतिवादीले सफाइ पाउने गरेका।

८. पति पत्नीको बिचमा अंशवण्डा नहुदै बहुविवाह भएकोमा (पहिला बहुविवाह र पछि अंशवण्डा भएको अवस्थामा) कसुर गरेको मानी फैसला भएको देखिँदा बहुविवाह गर्न पाउने अवस्थामा कानूनले तोकेका सर्त स्पष्ट रूपमा पूरा नभएको अवस्थामा बहुविवाह गरेको ठहर गरी फैसला भएको।

९. जाहेरीको विपरीत जाहेरवालाबाट परेको निवेदनको कुनै पनि मूल्यको प्रमाण नभएको हुँदा यस आधारमा बहुविवाहको कसुरबाट प्रतिवादीले उन्मुक्ति नपाउने।

१०. बहुविवाहको कसुर भएको कुरा स्थापित भएपछि सो विवाह गरेर ल्याएकी महिलाले अर्को बिवाह गरी गैसकेको भन्ने आधारमा बहुविवाहको कसुरबाट उन्मुक्ति दिन नमिल्ने।

११. कुनै पुरूष विवाहित हो भन्ने कुरा थाहा नभई विवाह गरेको अवस्थामा त्यस्तो महिला प्रतिवादीलाई सजाय नहुने।

१२. **अनुसन्धानको क्रममा व्यक्त भावनालाई पुष्टि गर्ने अन्य कुनै प्रमाण पेश गर्न नसकेको अवस्थामा अदालतमा इन्कार रहेका प्रतिवादीलाई कसुर ठहर गर्न नमिल्ने।**

## ६.२ निष्कर्ष र सुझावहरू

पति वा पत्नीबिच बैवाहिक सम्बन्ध अन्त्य भएमा (बिवाह बदर भएमा, पति र पत्नीको सम्बन्ध बिच्छेद भएमा, पत्नीले कानूनबमोजिम सम्बन्ध विच्छेद नहुदै अर्को बिबाह गरेमा)[६४]; पति वा पत्निको मृत्यु भएमा र पति र पत्नीबिच अंशवण्डा गरी भिन्न भएमा पुनः बिवाह गर्न सक्ने[६५] गरी मुलुकी देवानी संहितामा ब्यवस्था रहेको छ। विवाहित पुरूषले श्रीमती हुँदाहुँदै अर्को विवाह गर्न पाउने गरी छुट दिएको छैन। कानूनले तोकेका सर्त विपरीत अर्को विवाह गर्ने पुरूष र विवाहित पुरूष हो भन्ने जानाजानी निजसँग विवाह गर्ने महिलाले बहुविवाहको कसुर गरेको मानी एक वर्षदेखि ५ वर्षसम्म कैद हुने व्यवस्था रहेको छ।

बहुविवाहको कसुर नियन्त्रण सम्बन्धमा रहेका उक्त कानूनी ब्यवस्थाको प्रभावकारी कार्यान्वयन भए नभएको बिषयमा केन्द्रित भै गरिएको यस अध्ययनबाट यस सम्बन्धी

[६४] मुलुकी देवानी संहिता, २०७४ दफा ८२

[६५] ऐजन, दफा ८३

कानूनको प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको देखिएन। त्यसैले यस कानूनी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाले देहायबमोजिम गर्नुपर्ने देखिन्छ।

१. **कानूनको प्रभावकारिता बढाउने-** कानून कार्यान्वयन गर्ने अधिकारीहरूले बहुविवाह नियन्त्रण गर्ने सम्बन्धमा रहेको कानूनी व्यवस्था, यस प्रकृतिका मुद्दाको संवेदनशीलता, बहुविवाहले समाज, परिवार, पीडित व्यक्ति र जन्म भएका बालबच्चामा पर्न सक्ने प्रभावलगायतका कुरालाई अनुभूत गरी वस्तुनिष्ठ अनुसन्धान र अभियोजन गर्ने गराउने कुरामा थप ध्यान दिनुपर्ने देखिन्छ। साथै अनुसन्धान गर्ने अधिकारी र अभियोजन गर्ने अधिकारीले मुद्दाको सफलता र असफलताको बारेमा सामूहिक रूपमा जिम्मेवारी लिने संस्कृतिको विकास गर्नुपर्दछ। न्याय निरोपण गर्ने निकायले पनि मुद्दाको संवेदनशीलतासमेतलाई बिशेष ध्यान दिई कानूनले तोकेको समयावधिभित्रै मिसिल संलग्न रहेको आधार प्रमाणको यथोचित मूल्यांकन गरी निर्णय गर्नुपर्दछ।

२. कानून कार्यान्वयनमा संलग्न हुने अनुसन्धान अधिकृत र सरकारी वकिलले बहुविवाहको जाहेरी परेपछि शंकितको स्पष्ट वतनसहितको पहिचान खुल्ने प्रमाणका साथै सो सम्बन्धी भौतिक प्रमाण पहिला संकलन गरी अनि मात्र शंकितलाई पक्राउ गर्ने अदालतबाट अनुमति लिने र पूर्ण रूपमा अनुसन्धान पूरा भएपछि मात्र बस्तुनिष्ठ प्रमाणको आधारमा अभियोजन गर्ने।

३. **अनुसन्धान र अभियोजनलाई बस्तुनिष्ठ र बैज्ञानिक प्रमाणमा आधारित बनाउने-** जाहेरी परी अनुसन्धान भै अभियोगपत्रसहित अदालतमा पेश भएका मुद्दामा पनि प्रतिवादीहरूले विवाह गरेको देखिने बस्तुनिष्ठ भौतिक प्रमाणको अभाव रहेको कारणले गर्दा अपेक्षाकृत रूपमा कसुर ठहर हुन सकेको छैन। त्यसैले मुद्दाको अनुसन्धान र अभियोजनको कार्यलाई वस्तुनिष्ठ र भौतिक प्रमाणमा आधारित बनाउन सरकारी वकिल र अनुसन्धान अधिकृतले जाहेरवाला पीडितलाई विश्वासमा लिई अझ बढी सक्षमताका साथ समन्वयात्मक रूपमा कार्य गर्नुपर्ने।

४. मुद्दा अनुसन्धानको समयदेखि नै कसुर ठहर भएको अवस्थामा सजायपूर्वको प्रतिवेदन र सजाय निर्धारणको बहस गर्दा खुलाउनु पर्ने विवरणहरू, कसुरको गम्भीरता बढाउने[६६] र घटाउने[६७] अवस्थाहरू स्पष्ट रूपमा देखिने गरी अनुसन्धान गर्ने गराउने र सजायपूर्वको प्रतिवेदनमा समेत यी कुरा उल्लेख गर्ने तर्फ अभियोजन गर्ने सम्बन्धित निकायले बिशेष ध्यान दिने।

५. बहुविवाह मुद्दामा कान्छी श्रीमती भै विवाह गर्ने महिला प्रतिवादीको हकमा निजले विवाह गरेको पुरूष प्रतिवादी विवाहित हो भन्ने जानाजानी निजसँग विवाह गरेको हो भन्ने देखिने बस्तुनिष्ठ भौतिक र बैज्ञानिक प्रमाणको संकलन गर्ने कुरामा विशेष ध्यान दिने।

६. हेलो साक्षी कार्यक्रमको प्रभावकारिता बढाइ जाहेरवाला पीडितलगायतका साक्षीलाई बकपत्रको लागि अनिवार्य रूपमा अदालतमा उपस्थित गराउने।

७. **सजायपूर्वको प्रतिवेदन अनिवार्य रूपमा पेश गर्न लगाउने-** न्याय निरूपण गर्ने अधिकारीले बहुविवाहको कसुर गरेको ठहर भएपछि यस प्रकृतिका मुद्दामा अनिवार्य रूपमा सजायपूर्वको प्रतिवेदन पेश गर्न लगाउने र पेश भएका प्रतिवेदनलाई समेत आधार लिई सजाय निर्धारण गर्ने गराउने अभ्यास बढाउनु पर्ने।

८. **बहुविवाह गरेको ठहर भै सो विवाह स्वतः बदर भएमा त्यस्तो विवाहको कारण जन्म भएका शिशुको कानूनी अवस्था के हुने भन्ने बिषय मुलुकी अपराध संहितामा नै उल्लेख गर्नुपर्ने-** बहुविवाह गरेकोमा त्यस्तो विवाह स्वतः बदर हुने कानूनी ब्यवस्था मुलुकी अपराध संहिता, २०७४ मा रहेको छ। बहुविवाहको परिणामस्वरूप जन्मिएका शिशुको अवस्था के हुने हो भन्ने कुरामा मुलुकी अपराध संहितामा केही उल्लेख भएकोले केही अष्पष्टता रहेको छ। तथापि, त्यसरी वैवाहिक सम्बन्ध अन्त्य भए पनि निजहरूबाट जन्मेका शिशुको बुवा आमामाथिको अधिकार र निज शिशुप्रति बुवा आमाको दायित्व कायमै रहने र निजहरूको कानूनी हकमा कुनै असर नपर्ने ब्यवस्था मुलुकी देवानी संहिता, २०७४ को दफा ११८ मा रहेको छ। विवाह बदर भएकोमा पनि **शिशु**लाई जन्म दिने बुवा आमाको जिम्मेवारीलगायतका बिषय मुलुकी

[६६] मुलुकी अपराध संहिता, २०७४, दफा ३८
[६७] ऐजन, दफा ३९

अपराध संहितामा नै उल्लेख हुन सके आमनागरिक तथा कानून कार्यान्वयन गर्ने पदाधिकारीमा रहेको अन्योल कम हुन मद्दत पुग्ने देखिन्छ।

९. **जाहेरवाला पीडित साक्षीको संरक्षण र सुरक्षा-** बहुविवाहको कसुरलाई समाज बिरूद्धको गम्भीर कसुरको रूपमा मानी सरकारवादी फौजदारी मुद्दाको रूपमा राखी यस प्रकृतिका मुद्दाको अनुसन्धान प्रहरीले गर्ने र अभियोजन सरकारी वकिलले गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूचीमा राखिएको भए तापनि अन्य सरकारवादी हुने फौजदारी मुद्दामा भएको औसत कसुर कायम दरभन्दा यस प्रकृतिका मुद्दामा धेरै कम सजाय रहेको देखिन्छ। यस प्रकृतिका मुद्दामा कसुर कायम दर औसतमा ५० प्रतिशतको हाराहारीमा मात्र रहेको छ। यी मुद्दामा अपेक्षाकृत रूपमा सफलता प्राप्त हुन नसक्नुका कारणहरूमा अनुसन्धानमा बस्तुनिष्ठ भौतिक प्रमाणको संकलन नहुनु, बयानमुखी अनुसन्धान हुनु, जाहेरवाला पीडितको अनुसन्धान र न्यायिक प्रकृयामा यथेष्ट मात्रामा सहयोग प्राप्त नहुनु, बकपत्रको लागि जाहेरवाला पीडित अदालतमा उपस्थित हुनु र उपस्थित भए पनि प्रतिकूल बकपत्र गर्नु नै रहेका छन्। यस अवस्थामा सुधार ल्याउन जाहेरवाला पीडितलाई विश्वासमा लिई उनीहरूको तत्कालको आवश्यकताको सम्बोधन, सुरक्षाको प्रवन्ध, मुद्दाको कार्यविधि र प्रकृया तथा सो प्रकृयामा जाहेरवालाको भूमिका र सो को महत्त्वको बारेमा जानकारी दिने साथै मुद्दाको कारवाहीको बारेमा जाहेरवालालाई जानकारी दिने व्यवस्था गर्नु आवश्यक देखिन्छ।

१०. **दक्षता र क्षमता अभिबृद्धि कार्यक्रम-** यसमा जाहेरीको प्रारम्भिक रूपमा अनुसन्धान गरी झुट्टा उजुरी परेको अवस्थामा मुद्दा तामेलीमा राख्ने तथा पर्याप्त प्रमाणको अभावमा मुद्दा नचलाउने कानूनी व्यवस्थाको अभ्यास बढाउनु उपयुक्त हुन्छ। साथै, बहुविवाहसहित विभिन्न प्रकृतिका मुद्दामा केन्द्रित भै कार्य गर्ने अनुसन्धान अधिकृत र सरकारी वकिललाई सँगै राखी नियमित रूपमा दक्षता अभिबृद्धि कार्यक्रम संचालन गर्ने।

११. **न्याय निरूपण गर्ने अधिकारीलाई अभिमुखीकरण गर्ने-** सर्वोच्च अदालतले बहुविवाहसम्बन्धी मुद्दाहरूको फैसलाको क्रममा गरेको कानूनको ब्याख्या र प्रतिपादित सिद्धान्तहरूले कानूनको बुझाइमा स्पष्टता र प्रयोगमा एकरूपता ल्याउन

मद्दत पुगेको छ। सर्वोच्च अदालतबाट भएको कानूनको ब्याख्या र प्रतिपादित सिद्धान्तलाई अनिवार्य रूपमा पालना गर्न गराउन यी विषयलाई समेत समावेश गरी कानून कार्यान्वयन गर्ने अधिकारीलगायत न्याय निरूपण गर्ने अधिकारीलाई अभिमुखीकरण गर्ने।

१२. **सजाय निर्धारणसम्बन्धी निर्देशिकाको उचित प्रयोग र पालनाको लागि अभिमुखीकरण-** मुलुकी अपराध संहिता लागु भए सँगै बहुविवाहको कसुरमा हुने सजायको तल्लो हद १ वर्ष नै राखिएको भए तापनि सो को माथिल्लो हद ३ वर्षबाट ५ वर्ष हुने गरी बृद्धि भएको छ। तथापि अध्ययन गरिएका सुरू अदालतबाट भएका फैसलामा कसुर ठहर भएका करिब दुई तिहाइभन्दा बढी मुद्दामा सजाय हुँदा न्यूनतम कैद र जरिवानाको सजाय मात्र भएको र यसरी न्यूनतम सजाय गर्दा समेत सो को आधार र कारण पनि स्पष्ट रूपमा उल्लेख भएको देखिँदैन। यसबाट न्याय निरूपण गर्ने अधिकारीलाई सजाय निर्धारणसम्बन्धी निर्देशिकाको उचित प्रयोग र पालना भएको भन्न सकिने अवस्था रहेको देखिएन। त्यसैले न्याय निरूपण गर्ने अधिकारीलाई सजाय निर्धारणसम्बन्धी निर्देशिकाको उचित प्रयोग र पालना तर्फ अभिप्रेरित गर्न अभिमुखीकरण कार्यक्रम संचालन गर्ने अन्य तालिम कार्यक्रम र अन्तरकृयासमेतका छलफल कार्यक्रममा यो विषयलाई समावेश गर्ने।

१३. **विवाहको परिभाषामा पुनरावलोकन-** कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने व्यवस्था मुलुकी देवानी संहितामा रहेको छ। कुनै पुरूष वा महिला लामो समयदेखि सँगै रहेको, पति पत्नीको रूपमा सँगै रहने गरेको अवस्थाले अन्यथा प्रमाणित भएकोमा बाहेक विवाह भएको मान्न सकिने गरी विवाहको परिभाषामा पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

१४. **न्यायिक निकायबाट भएका फैसलाको कार्यान्वयन गर्ने-** अदालतबाट भएका फैसलाको कार्यान्वयनको जिम्मेवारी जिल्ला अदालतको हुने र फैसला कार्यान्वयन निर्देशनालयले पनि यस कार्यमा महत्वपूर्ण भूमिका खेल्न सक्ने हुँदा स्थानीय प्रशासन र स्थानीय तहका सरकारसँग समन्वय गरी फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याई **फैसलाको कार्यान्वयन गर्ने।**

१५. **विवाह दर्तालाई अनिवार्य गर्ने-** जन्म, बिवाह र मृत्यु जस्ता व्यक्तिगत घटना विवरणको दर्ताको आवश्यकता र महत्त्वको बारेमा सचेतना बढाई यी विवरणको अनिवार्य रूपमा दर्ता गर्न सबै नागरिकलाई अभिप्रेरित गर्नुपर्दछ।

१६. **कानूनी सचेतना कार्यक्रम संचालन-** नेपाली समाजमा बहुविवाहका वारदात भइरहेको कुरा अदालतमा मुद्दाको दर्ता संख्या बढ्दो क्रमवाट देखिएको छ। बहुविवाह बदर हुने व्यवस्था कानूनमा भए पनि व्यक्तिहरूले यस्तो बिवाह गर्ने गरेको अवस्थाले कानूनको पालनाको स्थिति कमजोर रहेको देखिन्छ। कतिपय अवस्थामा यस्ता वारदातमा जाहेरी नै पर्ने गरेको छैन। कतिपय अवस्थामा कानूनको कार्यान्वयन प्रभावकारी रूपमा हुन नसकेको कारणले यस किसिमका वारदातलाई कानूनी दायरामा ल्याउन सकिएको देखिँदैन।यस सम्बन्धमा आम नागरिकमा कानूनी सचेतना बढाउनु जरूरी देखिन्छ। आम नागरिकमा कानूनी सचेतना बढाउन तीनै तहका सरकार, राजनैनिक दल र संचार क्षेत्र सबैले प्रभावकारी रूपमा समन्वय र सहकार्य गरी सामूहिक प्रयत्न गर्नुपर्दछ।

बहुविवाह कानूनले निषेध गरेको गम्भीर प्रकृतिको कसुरको रूपमा रहेको र सो मा संलग्न हुनेले कैद र जरिवानासहितको फौजदारी दायित्व व्यहोर्नु पर्ने साथै त्यस्तो विवाह स्वतः बदर हुने व्यवस्था रहेको छ। कानूनको पालना नै यस्तो कार्य हुन नदिने महत्त्वपूर्ण उपाय हो। त्यसैले कानून कार्यान्वयन गर्ने अधिकारीका साथै सवैले बिद्यमान कानूनको पालना गर्ने र गराउने कार्यमा संवेदनशील र प्रतिबद्ध हुन जरूरी छ।

**<u>सन्दर्भ ग्रन्थसूची</u>**


- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पारिवारिक कानून, पैरवी प्रकाशन, (२०७६)
- प्रा. माधवप्रसाद आचार्यसमेत, फौजदारी कानूनको समीक्षात्मक विवेचना, प्रथम संस्करण, (२०६३)

- महिला तथा बालबालिका विरूद्ध हुने अपराध नियन्त्रण (सैद्धान्तिक अवधारणा, कानून र न्यायिक दृष्टिकोण) स्रोत सामग्री, (२०७१) प्रकाशकः महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं
- आर्थिक/सामाजिक अपराधको प्रवृत्तिगत अध्ययन, (२०७४), प्रकाशकः महान्यायाधिवक्ताको कार्यालय, नेपाल, रामशाहपथ, कठमाडौं
- प्रतिपादन (विज्ञ समीक्षित अनुसन्धानमूलक कानून पत्रिका), प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान,नेपाल ,(२०७८), मनमैंजू, काठमाडौं
- प्रा.डा. दहाल पेशल र प्रा. खतिवडा सोमप्रसाद, अनुसन्धान पद्धति,(२०७७), प्रकाशक, पैरवी बुक हाउस प्रा.लि.